# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २३१ | काठमाडौं | आइतबार, ०६ पुस २०८२ | Prabhab National Daily | Sunday, 21 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सडक दुर्घटनाबाट बचौं र बचाऔं ।**

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं।
- ट्राफिक नियम पालना गरौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रूले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरून्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

**सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


सरकारको १०० दिन

## वित्तीय सुशासनमा ठोस कदम चालिएको प्रधानमन्त्रीको दाबी



फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन अब केवल एउटा कार्यतालिका मात्र रहेन, यो हाम्रो देशलाई स्थिरता दिने र नयाँ युगको सुरूआत गर्ने एकमात्र निर्विकल्प मार्ग हो । चुनाव सार्ने वा रोक्नेजस्ता हल्ला पूर्णत:निराधार र भ्रमपूर्ण छन् । यो सरकार तोकिएको समयमै, निष्पक्ष र भयरहित वातावरणमा चुनाव सम्पन्न गर्न चट्टानझैं दृढ छ ।

**सुशीला कार्की**
प्रधानमन्त्री

**प्रभाव संवाददाता**

**काठमाडौं–** जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारले १०० दिनको अवधि पूरा गर्दासम्म मुलुकमा विश्वासको वातावरण बन्न सकेको छैन । प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारको मुख्य कार्यभार प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्नु हो । सरकार गठनलगत्तै निर्वाचनको मिति पनि तोकिएको थियो, २१ फागुनलाई । सरकार सोही मितिमा निर्वाचन गराउन लागिपरेको देखिन्छ ।

तर, निर्वाचनका लागि दलहरूलाई विश्वासमा ल्याउन जरुरी हुन्छ । आजसम्म सरकारले प्रमुख राजनीतिक दलहरूसँगको दूरी घटाउन सकेको छैन, विशेषगरी जेन-जी आन्दोलनबाट सत्ताच्युत भएका केपी शर्मा ओली नेतृत्वको नेकपा एमाले र ओली सरकारमा गठबन्धन गरेको नेपाली कांग्रेस । राजनीतिक विश्लेषकहरू निर्वाचन सम्पन्न गर्न यी दललाई विश्वासमा ल्याउन आवश्यक छ । यद्यपि, सरकारले पछिल्लो समय दलहरूसँग संवाद गर्न कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाको नेतृत्वमा उच्चस्तरीय राजनीतिक संवाद समिति बनाएको छ ।

सरकारले १०० दिन पूरा गर्दा अपेक्षित काम गर्न नसकेको भन्दै आलोचना भइरहेको छ । सरकारको ध्यान निर्वाचनमा भन्दा पनि अन्यत्र केन्द्रित भएको आरोप राजनीतिक दलहरूले लगाउँदै आएका छन् । प्रधानमन्त्री कार्कीले भने निर्वाचनलाई नै अर्जुनदृष्टि बनाएको बताउँदै आएकी छन् । निर्वाचनसँगै भ्रष्टाचार नियन्त्रण, सुशासनलगायतको कार्यभार पनि सरकारको रहेको उनको भनाइ छ ।

यहीबीच प्रधानमन्त्री कार्कीले सरकारको १०० दिनको अवधिमा फजुल खर्च नियन्त्रण र वित्तीय सुशासनमा ठोस कदम चालिएको बताएकी छन् । सरकारको १०० दिन पुगेको अवसरमा सम्बोधन गर्दै उनले पदमा रहँदा र अवकाश भइसकेपछि पनि कतिपयले लिइरहेको अनधिकृत र अवाञ्छित सुविधा कटौती गरेर जनताले तिरेको कर जोगाइएको बताइन् ।

'मापदण्डविपरीत खटिएका ५०० सुरक्षाकर्मी र सवारीसाधन फिर्ता गरी जनताको सेवामा परिचालन गरिएको छ, अनावश्यक ३८ वटा कार्यालय खारेज र ३२३ वटा दरबन्दी कटौती गरेर राज्यको व्ययभार घटाइएको छ,' प्रधानमन्त्री कार्कीले भनिन्, 'एक खर्ब १९ अर्ब रूपैयाँ बराबरको बजेट पुन:प्राथमिकीकरण गरी विकासका ठूला आयोजनामा स्थानान्तरण गरिएको छ, थलिएका व्यवसायीका लागि 'एकीकृत व्यावसायिक पुनरुत्थान योजना' कार्यान्वयनमा ल्याइएको छ ।'

निर्वाचनका लागि सरकारले आफ्नोतर्फबाट सम्पूर्ण तयारी पूरा गरेको र सुरक्षाको सवालमा कुनै कसर बाँकी नराख्ने उनको भनाइ छ । 'एकीकृत निर्वाचन सुरक्षा योजना' स्वीकृत भइसकेको र नेपाली सेनाको परिचालन सुनिश्चित गरिएकोसमेत १०० दिनको उपलिब्धमा उल्लेख छ ।

'आन्दोलनका क्रममा लुटिएका एक हजार ३४२ थानमध्ये अधिकांश हतियार बरामद गरिसकिएको छ, यस अतिरक्त अन्य ३२ थान हतियार पनि प्रहरीले नियन्त्रणमा लिएको छ,' प्रधानमन्त्रीले कार्कीले भनिन्, 'क्षतिग्रस्त भएका ४६५ वटा प्रहरी कार्यालयलाई पुन: सञ्चालनमा ल्याई सुरक्षा व्यवस्थालाई अभेद्य बनाइएको छ ।'

क्रमशः पृष्ठ २ मा

# शक्ति होडमा दलहरू, कांग्रेस मौन

- एमाले, नेकपा, रास्वपा, श्रम संस्कृतिलगायत दलहरु जनसमर्थन जुटाउने होडमा
- जुलुस, सभा, सम्मेलन, भेला र कोणसभामार्फत शक्ति प्रदर्शन गर्दै प्रभाव विस्तार गर्ने रणनीतिमा
- विघटित प्रतिनिधिसभाका मुख्य दल नेपाली कांग्रेस भने निर्वाचन केन्द्रित गतिविधिविहीन
- प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षपाती दलको रूपमा उभ्याउने प्रयत्नमा कांग्रेस




**नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले शनिबार काठमाडौंको प्रदर्शनीमार्गमा आयोजना गरेको एकता सन्देशसभा ।** *तस्बिर: रासस*

**जेबी योञ्जन**

काठमाडौं- प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दलहरू जनसमर्थन जुटाउन केन्द्रित भएका छन् । नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँगै हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीसम्मले राजधानी र विभिन्न जिल्लामा शक्ति प्रदर्शन गर्दै आफ्नो प्रभाव र जनआधार देखाइरहेका छन् ।

दलहरूले जुलुस, सभा, भेला र कोणसभामार्फत कार्यकर्ता तथा समर्थकलाई सडकमा उतार्दै चुनावी माहोल पनि तताइरहेका छन् । आगामी प्रतिनिधिसभा निर्वाचन, सुशासनको अभाव, बढ्दो महँगी र बेरोजगारीजस्ता विषयलाई मुख्य एजेण्डा बनाउँदै दलहरू एकअर्कासँग प्रतिस्पर्धाजस्तै गरी शक्ति प्रदर्शनमा उत्रिएका छन् ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले त शनिबार बागमती प्रदेशस्तरीय एकतासभा काठमाडौंमा गरेर श्रमिक, किसान र सीमान्तकृत समुदायका मुद्दा उठाउँदै जनसंघर्षको राजनीतिलाई पुनर्जीवित गर्ने प्रयास गरेको छ । यसबाहेक प्रतिनिधिसभा निर्वाचन तोकिएकै समयमा हुनुपर्ने भन्दै नेकपाले खबरदारी गरेको छ । जेन-जी समूहको नाममा स्टण्ट नगर्न चेतावनी पनि दिएको छ ।

पार्टी संयोजक पुष्पकमल दाहालले शनिबार काठमाडौंमा आयोजित एकतासभामा भने, 'फागुन २१ को निर्वाचन हुनुपर्छ, निर्वाचन नै अब देशको सबभन्दा सहज बाटो हो । निर्वाचन बिथोल्ने काम कसैले नगरोस् ।' प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै कांग्रेस र एमाले सर्वोच्च अदालत पुगिसकेका छन् । यी दुई मुख्य दल सर्वोच्च पुगेपछि निर्वाचन बिथोलिने हो कि भन्ने संशय छ । संयोजक दाहालले यिनै दुई दललाई लक्षित गर्दै निर्वाचन नबिथोल्न चेतावनी दिएका हुन् ।

यो प्रतिनिधिसभा निर्वाचन चाहने र ताजा जनादेश पक्षधरहरूको जनसमर्थन जुटाउने दाहाल रणनीतिको रूपमा अर्थ्याइन थालिएको छ । तर, उनले रास्वपा, श्रम संस्कृति पार्टीदेखि उज्यालो नेपाल पार्टीलाई जेन-जीको नाममा स्टण्ट नगर्न चेतावनी दिए । 'जेन-जीका नाममा यहाँ स्टण्ट पनि गरिरहेको देखिन्छ । तर, जेन-जीको असल प्रतिनिधि नेपाली कम्युनिस्ट पार्टी हो जसले नया पुस्ताका मुद्दा र दलबीचको वैचारिक प्रतिस्पर्धालाई पनि जोड दिएको छ,' दाहालले भने ।

जेन-जीहरू गत २३ र २४ भदौमा भएको विद्रोहको मुख्य हिस्सेदार शक्ति हुन् । प्रतिनिधिसभा निर्वाचनको सम्मुखमा दाहालले उनीहरूलाई नै आकर्षित गर्नेगरी नेकपा जेन-जीहरूको असली प्रतिनिधि भनेका हुन् । नेकपाले देशको सबै प्रदेशमा चुनावीसभा शैलीमा एकतासभा गरेको छ । ठूलो संख्यामा नेता कार्यकर्ता सडकमा उतारेर जनलहर देखाउने कोसिस गरेको छ । निर्वाचनपछि देशको पहिलो शक्ति बन्ने दाबी पनि नेकपाले गर्दै आएको छ ।

उसो त एमालेले २७ मंसिरमै ११औं महाधिवेशनको खुला सत्रलाई शक्ति प्रदर्शनको रूपमा उपयोग गऱ्यो । जेन-जी विद्रोहपछिको त्यो नै ठूलो भीड थियो । राजनीतिक विश्लेषक भीम भुर्तेलको विचारमा त्यो भीडले जेनजी-को नाममा देशमा भएको हिंसा र अराजकताविरुद्ध मतदाता, समर्थक, शुभेच्छुकलाई आश्वास्त पार्नेगरी राजनीतिक सञ्चारको काम गऱ्यो । जेन-जी विद्रोहपछि पुराना दलहरू सकिए भन्ने भाष्यलाई गलतमात्रै सावित गरेन, उत्थानशील भएको सन्देश पनि दियो ।

यसपछि एमालेले काठमाडौं केन्द्रित गर्दै आएको प्रदर्शनले पार्टीप्रतिको जनआकर्षण र प्रभाव देखाउने प्रयास गर्दै आएको छ । त्यस क्रममा प्रतिनिधिसभा पुनर्स्थापना, पार्टी अध्यक्ष केपी शर्मा ओलीमाथि लगाएको स्थानहदको फुकुवालगायतको एजेण्डा एमालेले उठाउँदै आएको छ ।

शुक्रबार त जेन-जी विद्रोह दबाउन बल प्रयोग गराएको आरोपको सामना गर्दै आएका ओलीले सरकारले आफूलाई छोए देश ठप्प पार्ने चेतावनी दिए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## ई-सेभेन भिसामा कामदार पठाउन पाउनेमा व्यवसायी आशावादी

**प्रभाव संवाददाता**




**काठमाडौं–** श्रमिकलाई ई-सेभेन भिसामा दक्षिण कोरिया पठाउन पाउने संकेत देखिएपछि वैदेशिक रोजगार व्यवसायीहरू फेरि आशावादी भएका छन् । विभिन्न पक्षको असन्तुष्टिलाई सम्बोधन गर्दै सरकारले जिटुजीमार्फत नै कामदार पठाउने विषयमा छलफल अघि बढाउँदा कोरिया सकारात्मक नदेखिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जानकारी दिएको छ ।

म्यानपावरलाई कोरिया पठाउने जिम्मा दिँदा रोजगार अनुमति प्रणाली (इपिएस) कमजोर हुने, श्रमिकहरू व्यवसायीबाट विभिन्न खाले शोषणमा पर्ने भन्दै विरोध हुँदै आएको छ । तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारी व्यवसायीको स्वार्थमा केन्द्रित भएर बनाएको कार्यविधि कार्यान्वयन हुन नहुने कतिपयको माग छ ।

यसैलाई ध्यानमा राख्दै दक्ष र अर्धदक्ष कामदार पठाउने प्रक्रियालाई पनि जिटुजीमार्फत गरौं भने पनि कोरियाबाट सीपयुक्त श्रमिक पठाउन फरक खालको प्रक्रिया भएको भन्ने जवाफ आएको श्रम मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले बताएका छन् । आप्रवासन दिवसका अवसरमा आयोजित कार्यक्रममा सचिव पुष्करले जिटुजीमा लग्न कोरिया तयार नभइ नहुने बताएका छन् ।

'ई-सेभेनलाई जिटुजी गर्दा राम्रो हुन्छ भन्ने सल्लाह आएपछि हामीले कोरिया सरकारलाई जिटुजी गरौं भनेर औपचारिक, अनौपचारिक सबै माध्यमबाट अनुरोध गऱ्यौं,' पुष्करले भने, 'तर कोरिया सरकारबाट ई-सेभेनमा आफ्नै खालका प्रक्रिया भएको र कुनै पनि देशसँग जिटुजी नभएको जवाफ आयो ।'


यद्यपि, मन्त्रालयले सकेसम्म जिटुजी नै गर्न चाहेको र अहिले पनि पहल जारी राखेको पुष्करको भनाइ छ । 'मन्त्रालयले अहिले पनि पहल गरिरहेको छ । तर कोरिया सरकारले हुन्छ नभनि एक्लै जिटुजी हुँदैन,' उनले भने, 'नागरिकलाई अधिकतम् अवसर दिनुपर्छ । ठगी, झूठा आश्वासनमा पर्न दिनुहुँदैन भन्नेमा मन्त्रालय सजग छ ।'

कोरिया सरकार व्यवसायी-व्यवसायी (बिटुबी)मार्फत श्रमिक लैजान तयार भएकाले यो प्रक्रिया छिट्टै कार्यान्वयनमा आउनेमा व्यवसायीहरू आशावादी देखिएका छन् ।



'ई-सेभेनलाई जिटुजी गर्दा राम्रो हुन्छ भन्ने सल्लाह आएपछि हामीले कोरिया सरकारलाई जिटुजी गरौं भनेर औपचारिक, अनौपचारिक सबै माध्यमबाट अनुरोध गऱ्यौं । तर कोरिया सरकारबाट ई-सेभेनमा आफ्नै खालका प्रक्रिया भएको र कुनै पनि देशसँग जिटुजी नभएको जवाफ आयो ।

**डा. कृष्णहरि पुष्कर**
सचिव, श्रम मन्त्रालय



ई-सेभेनलाई कार्यान्वयन नगर्न भनेर अख्तियारले रोकेको थियो । तर रोक्न मिल्दैन । कोरियन सरकारले आफैंले बिटुबीमार्फत पठाउने कुरा स्वीकार गरेको छ । साथीहरूबाट त्यो खालको मार्केटिङको प्रयास पनि भइरहेको छ । हामीले छिट्टै कामदार पठाउन पाउँछौं भन्नेमा आशावादी छौं ।

**भुवनसिंह गुरुङ**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

क्रमशः पृष्ठ २ मा

## मिश्रको चेतावनीले झुके लिङ्देन

- २८ मंसिरको उम्मेदवार सिफारिस सूचीमा नाम नभएका मिश्र समेटिए
- 'म बम पड्किउँ' भन्दै मिश्र कड्किएपछि हच्किए लिङ्देन
- काठमाडौं-१ मा तेस्रोपटक निर्वाचन लड्न मिश्र उम्मेदवार



**प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रसामु अध्यक्ष राजेन्द्र लिङ्देन झुकेका छन् । २८ मंसिरमा क्षेत्रीय समितिबाट भएको प्रतिनिधिसभा निर्वाचनको उम्मेदवार सिफारिस सूचीलाई लिङ्देनले पूरै बदलेका छन् ।

त्यसबेलाको उम्मेदवार सिफारिस सूचीमा मिश्रको नाम काठमाडौं-१ मा थिएन । त्यसपछि क्रुद्ध बनेका मिश्रले लिङ्देनलाई लक्षित गर्दै चेतावनी दिएका थिए, 'बम पड्किउँ ? सहनुको पनि सीमा हुन्छ ।'

यो चेतावनीपछि लिङ्देनले यसअघिको उम्मेदवार सिफारिस सूचीलाई पूरै बदलेर मिश्रको नाम समेटेका छन् । उनीसहित रामेश्वर श्रेष्ठ र राम तण्डुकार पनि काठमाडौं-१ को उम्मेदवारको रूपमा समेटिएका छन् । उम्मेदवार सिफारिस पार्टीको प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समितिले गर्छ ।

तर, क्षेत्रीय समितिमा लिङ्देनको पकड छ । त्यसो हुनाले यसअघि प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फको उम्मेदवार सिफारिस सूचीमा मिश्रको नाम छुटाइएको थियो । मिश्र पक्षले त्यसमा अध्यक्ष लिङ्देनलाई जिम्मेवार ठहऱ्यायो । लिङ्देनको निर्देशनमा क्षेत्रीय समितिले मिश्रलाई रोकेको मिश्र पक्षको निष्कर्ष थियो ।

त्यसबेला काठमाडौं-१ मा पूर्वअध्यक्ष पशुपतिशमशेर जबरा, शोभित उप्रेती र आरबी श्रेष्ठको नाम सिफारिस गरिएको थियो । समानुपातिकमा डा. जयन्त खनालको नाम छ ।

जबकि, मिश्र काठमाडौं-१ मा २०७४ र २०७९ मा निर्वाचन लडे । दुवैपटक कांग्रेस उम्मेदवार प्रकाशमान सिंहका निकटतम् प्रतिद्वन्द्वी बने । पहिलोपटक साझा पार्टी र दोस्रोपटक राप्रपाबाट उनी उम्मेदवार थिए । यसपटक पनि उनी राप्रपाबाट निर्वाचन लड्न चाहन्छन् । यद्यपि, गत २८ मंसिरमा उनको नाम प्रतिनिधिसभा सदस्य उम्मेदवारको रूपमा सिफारिस सूचीमै परेन । यस्तोमा मिश्रपक्षले निर्वाचन लड्ने एउटा विकल्प बन्द भएको तर अरु थुप्रै रहेको जनाएको थियो ।

क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## शक्ति होडमा...

ओलीको यो चेतावनी त्यस्तो बेला आयो, जतिबेला सरकारले जेन-जी विद्रोह जाँचबुझका लागि गठित कार्की आयोगले बयानका लागि पक्राउ नै गर्ने जनाएको छ। कारण, ओलीले बयान दिन जान इन्कार गर्दै आएका छन्। उनै ओली नेतृत्वको एमाले सडक मोर्चामा सरकारविरुद्ध सशक्त उभिएको छ। सुशीला कार्की नेतृत्वको नागरिक सरकारको प्रतिवाद गर्दै आएको छ।

यता शुक्रबार थुनामुक्त रास्वपा सभापति रवि लामिछाने तीव्र गतिमा पार्टीको माहोल बनाउन खटिएका छन्। उनीविना पार्टी 'प्यारालाइज्ड' जस्तै थियो। पार्टीका प्रमुख सचेतक सन्तोष परियार, सहमहामन्त्री सुमना श्रेष्ठलगायत एउटा पंक्ति अलग भएको पृष्ठभूमिमा पार्टीलाई पुनःजागृत गर्न लामिछानेले सक्रियता बढाएका हुन्। उनले चितवन र काठमाडौंमा ठूलो भीड जम्मा पारे। रास्वपाप्रतिको जनविश्वास अझै नगुमेको सन्देश दिने प्रयास गरे। पार्टीको समर्थन आधार झनै विस्तार हुँदै गएको देखाउन चाहे।

आफूमाथि लागेको सहकारी ठगीको आरोपलाई भीडमार्फत खारेज गर्ने कोसिस गरे। उनले अब देशभर पार्टीपंक्ति जुझारूपनका साथ परिचालन गर्ने बताएका छन्। त्यसका लागि माहोल बनाउन उनी आफैं देश दौडाहमा निस्किने बताए।

नयाँ दल श्रम संस्कृति पार्टी पूर्वको कोशीहुँदै लुम्बिनीको बुटवल पुगेको छ। निर्वाचन माहोल बनाउँदै बुटवल पुगेको पार्टी सुदूरपश्चिमसम्मै प्रभाव फैलाउँदै जान लागेको छ। मुख्य वक्ता नै अध्यक्ष हर्क साम्पाङ छन्। उनको दलले पहिलोपटक राष्ट्रियस्तरमा आफ्नो उपस्थिति देखाउने प्रयास गरेको छ। श्रम, आत्मनिर्भरता र स्थानीय उत्पादनलाई मुख्य एजेण्डा बनाउँदै पार्टीले उल्लेखनीय सहभागितासहित कार्यक्रम आयोजना गर्दै आएको छ। यसलाई वैकल्पिक राजनीतिक धारको संकेतका रूपमा हेरिएको छ।

तर, विघटित प्रतिनिधिसभाका मुख्य दल नेपाली कांग्रेस भने निर्वाचन केन्द्रित गतिविधिविहीन छ। जेन-जी विद्रोहपछि एकपटक केन्द्रीय समिति बैठक र कार्यसम्पादन समिति बैठकबाहेक पार्टीले केही गतिविधि गरेकै छैन। बरु, पछिल्ला दिनमा प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षपाती दलको रूपमा उभ्याउने प्रयत्न गरिरहेको छ। नेता प्रकाश स्नेही रसाइली पार्टीले चाँडै निर्वाचनकेन्द्रित कार्यक्रम अघि सार्ने बताउँछन्। तर, कहिले भन्ने उनले खुलाएनन्।

■■■

## वित्तीय...

प्रधानमन्त्री कार्कीले निर्वाचन आयोगलाई आवश्यक छ अर्ब ७३ करोड रूपैयाँ बजेट सुनिश्चित गरिएको र मतदाता नामावली ऐनमा संशोधन गरी निर्वाचनको मिति घोषणापछि पनि आठ लाख ३७ हजार नयाँ युवालाई मताधिकार सुनिश्चित गरेका बताइन्।

'आज एक करोड ८१ लाखभन्दा बढी नेपालीको हातमा देशको भाग्य बदल्ने साँचो छ, ११४ वटा राजनीतिक दल यस प्रक्रियामा सहभागी हुनुले हाम्रो लोकतन्त्रको जरा कति बलियो छ भन्ने प्रमाणित गर्छ, उनले भनिन्, 'विचारमा मतभेद भए पनि देशलाई निकास दिन हामी सबै एक ठाउँमा छौं।'

भदौ २३ र २४ को त्यो दुःखद् घटनापछि देश फेरि शान्तिको बाटोमा फर्किएको र ती घटनामा ज्यान गुमाउने योद्धालाई सहिद घोषणा गरी घाइते योद्धाको उपचारका साथै जीविका सुनिश्चित गर्ने प्रक्रिया अघि बढाइएको उनको भनाइ छ। साथै, क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि 'भौतिक पूर्वाधार पुनर्निर्माण कोष'मार्फत काम थालिएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले ती नमीठा पललाई बिर्सेर एउटा सुन्दर र स्थिर भविष्य निर्माणतर्फ हातमा हात मिलाएर अघि बढ्नुपर्नेमा जोड दिइन्।

उनले सरकार तोकिएको समयमै, निष्पक्ष र भयरहित वातावरणमा चुनाव सम्पन्न गर्न दृढ रहेको बताइन्। '२०८२ फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन अब केवल एउटा कार्यतालिका मात्र रहेन, यो हाम्रो देशलाई स्थिरता दिने र नयाँ युगको सुरुआत गर्ने एकमात्र निर्विकल्प मार्ग हो,' प्रधानमन्त्री कार्कीले भनिन्, 'म तपाईंहरूलाई आश्वस्त पार्न चाहन्छु, चुनाव सार्ने वा रोक्नेजस्ता हल्ला पूर्णतःनिराधार र भ्रमपूर्ण छन्। यो सरकार तोकिएको समयमै, निष्पक्ष र भयरहित वातावरणमा चुनाव सम्पन्न गर्न चट्टानझैं दृढ छ।'

उनले चुनाव कसैको हार-जित नभई लोकतन्त्र र सुशासन जिताउने अभियान भएको उल्लेख गर्दै भ्रष्टाचारमुक्त समाज र सुशासनयुक्त सरकारको चाहना पूरा गर्ने वैधानिक बाटो भएको स्पष्ट पारिन्। जेन-जी आन्दोलनको भावनाअनुसार यो सरकारले सुशासन र निर्वाचनलाई नै अर्जुनदृष्टि बनाएको उल्लेख गरिन्।

'राष्ट्रिय एकताका लागि आह्वान गर्दछु, चुनावमा कसले जित्छ वा कसले हार्छ, त्यो गौण कुरा हो, हाम्रो लोकतन्त्र र राष्ट्रियताले जित्नु नै सबैभन्दा ठूलो कुरा हो, अराजकताले कसैलाई खुसी दिँदैन, केवल शान्ति र स्थिरताले नै समृद्धिको ढोका खोल्छ, हामीले खोजेको परिवर्तन एकै दिनमा प्राप्त हुने उपलब्धि होइन, यो त एउटा लामो र अबिराम यात्रा हो। यस ऐतिहासिक परिवर्तनलाई संस्थागत गर्न हामी सबैबाट अथक पसिना र समयको माग गर्ने धैर्यको खाँचो छ।'

■■■

## ई-सेभेन...

उनीहरूले मार्केटिङसमेत थालिसकेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले बताए। 'ई-सेभेनलाई कार्यान्वयन नगर्न भनेर अख्तियारले रोकेको थियो। तर रोक्न मिल्दैन। कोरियन सरकारले आफैंले बिटुबीमार्फत पठाउने कुरा स्वीकार गरेको छ,' अध्यक्ष गुरुङले भने, 'साथीहरूबाट त्यो खालको मार्केटिङको प्रयास पनि भइरहेको छ। हामीले छिट्टै कामदार पठाउन पाउँछौं भन्नेमा आशावादी छौं।'

सीपयुक्त जनशक्ति पठाउन भनेर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत असार १३ गते कोरियामा सीपयुक्त जनशक्ति पठाउनेसम्बन्धी कार्यविधि, २०८० को तेस्रो संशोधन सार्वजनिक गर्‍यो। योसँगै इजाजतप्राप्त संस्थामार्फत कोरिया पठाउने बाटो खुलेको छ। तर गत भदौ २२ गते अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मन्त्रालयलाई पत्र लेख्दै म्यानपावरबाट कोरिया पठाउने कार्यविधि कार्यान्वयनमा नल्याउन निर्देशन दिएको थियो।

उक्त निर्देशनपछि वैदेशिक रोजगार विभागले भदौ ३१ मा सूचना जारी गर्दै कार्यविधि कार्यान्वयन नहुने जानकारी दिएको थियो। यसको विरुद्ध उच्च अदालत पाटनमा मुद्दा परेपछि उच्चले असोज ३१ गते रोक लगाउने सूचना कार्यान्वयन नगराउन निर्देशन दिएको थियो। उच्चको आदेशपछि मन्त्रालयले मंसिर २४ मा विभागलाई रोक लगाउने सूचना कार्यान्वयन नगर्नु भनेपछि विभागले मंसिर २५ मा उक्त कार्यविधिमा लगाइएको रोक फुकुवा गरेको भन्दै सूचना निकालेको छ।

अन्तर्राष्ट्रिय श्रमबजारमा नेपालीहरू सधैँ अदक्ष श्रमिकका रूपमामात्र चिनिने गरेकोले दक्ष श्रमिक पनि पठाउन थालेपछि मुलुककै छविमा सुधार हुने कार्यविधि ल्याउन भूमिका खेल्नेहरूको भनाइ छ। कार्यविधि बनेपछिको समयमा कुनै पनि मागपत्र नआए पनि ई-सेभेन भिसामा पठाइदिने भन्दै ठगी भएका घटनाहरू बाहिर आएका थिए।

■■■

## मिश्रको ...

थुप्रै विकल्प भन्नुले कतै मिश्र अरु कुनै दलमा गएर उम्मेदवार त बन्ने होइनन् ? राप्रपाभित्र चासो थियो।

यस्तोमा असन्तुष्ट मिश्रलाई लिङ्देनले उम्मेदवार सूचीमा समावेश गरेर सम्बोधन गरेका हुन्। मिश्र राप्रपाभित्र उत्पन्न विवादमा झण्डै तीन वर्ष लिङ्देन कित्तामा थिए। लिङ्देनलाई उनले काँध थापेका थिए। तर, पछिल्लो समय उनलाई छोडेर महामन्त्री डा. धवलशमशेर राणा कित्तामा पुगेका छन्। उनले खुलेरै राणाको समर्थनमा बोल्न थालेका छन्। काउण्टरमा लिङ्देन मिश्रलाई उम्मेदवार बन्नै नदिने तहमा पुगे। तर, पार्टीभित्रको दबाब र मिश्रको चेतावनीले लचक हुन बाध्य भए। सिफारिस सूची नै उल्टाउनेसम्म गर्नुपर्‍यो।

उसो त मिश्र गत वर्षको १५ चैतमा राजसंस्था पक्षधरहरूले काठमाडौंमा गरेको प्रदर्शन हिंसात्मक बनेपछि पक्राउ पर्दा लिङ्देनले सहानुभूतिसम्म जनाएका थिएनन्। त्यसबेला महामन्त्री जबरा पनि पक्राउ परेका थिए। अर्कोतिर, लिङ्देनले जबरासहित उनीपक्षीय नेताहरूलाई कारबाही गरे। यसप्रति मिश्रको फरक मत थियो।

मिश्रले २०७९ को निर्वाचनअघि तत्कालीन विवेकशील साझाको एउटा टिमलाई राप्रपासँगको एकता प्रक्रियामा ल्याएका थिए। राप्रपामा आएसँगै उनले पार्टी निर्माणको नयाँ राजनीतिक कार्यक्रमको रूपमा नवीन राप्रपाको अवधारणा ल्याए। देशको राजनीतिक संकट समाधानका लागि भन्दै राजा र दलहरूबीच नवीन समझदारी हुनुपर्ने एजेण्डा अघि सारे। यी दुवैलाई लिङ्देनले स्वीकारे। तर, लिङ्देन-मिश्र सम्बन्ध क्रमिकरूपमा बिग्रँदै गएको छ।

# गुणस्तरीय स्वास्थ्य प्रयोगशालाका लागि मानव पुँजी विकास गर्दै कामपा

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले गुणस्तरीय स्वास्थ्य सेवाका लागि पूर्वाधार र मानव पुँजीको विकास कार्य अघि बढाएको छ। कामपाले ३२ वटै वडास्तरको स्वास्थ्य सेवालाई अस्पतालसरह प्रदान गर्नेगरी काम गरिरहेको कामपा स्वास्थ्य विभागका प्रमुख दीपककुमार केसी जानकारी दिए।

उक्त कार्यका लागि कामपाले ३२ वटा वडामा दुई चरणमा तालिम सञ्चालनसमेत गरिसकेको छ। पहिलो चरणमा वडा नम्बर १ देखि १६ सम्म र दोस्रो चरणमा १७ देखि ३२ सम्मका प्राविधिकलाई प्रशिक्षण दिइसकेको केसीले जानकारी दिए।

जनस्वास्थ्य गुणस्तरका राष्ट्रिय अन्तर्राष्ट्रिय नीति, प्रक्रिया र अभ्यास, बिरामीलाई नमूना संकलनका लागि तयार पार्ने विधि, सम्भावित त्रुटि र जोखिम, गुणस्तर नियन्त्रणका प्रक्रिया, क्षयरोगको नमूना संकलन र परीक्षण, प्रयोगशालाको स्वच्छता र सरसफाइ, हानिकारक फोहोर व्यवस्थापनका साधन, उपकरण तथा विधि, जनशक्तिबीचको आपसी सम्बन्धलगायत विषयमा सैद्धान्तिक र व्यावहारिक ज्ञान तथा अभ्याससमेत गराइएको छ।

कामपाले ३२ वडामा स्वास्थ्य प्रवर्द्धन केन्द्रमार्फत स्वास्थ्य सेवा प्रदान गरिरहेको छ। हरेक वडामा स्वास्थ्य प्रयोगशाला स्थापना गरिएका छन्। यी प्रयोगशालाहरूमा मधुमेहसहित रगतबाट गरिने जाँच, मिर्गौलासहित पिसाबका जाँचिने रोग, खकारबाट जाँचिने क्षयरोगसहित आधारभूत स्वास्थ्य परीक्षण गरिन्छ।

'ए', 'बी', 'सी', 'डी' र 'ई' समूहका जनस्वास्थ्य प्रयोगशालामध्ये 'डी' र 'ई' समूहका प्रयोगशालाको सञ्चालन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरिएको छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको गुणस्तर नियन्त्रण तथा तालिम शाखाका उपप्रमुख मेडिकल टेक्नोलोजिस्ट सन्तोष सुवेदी भन्छन्, 'काठमाडौं महानगरपालिकाका प्रयोगशालाहरूको गुणस्तर कायम गराउन तथा जनशक्तिको क्षमता बढाएर कानुनले प्रदान गरेको अधिकार प्रयोग गर्न सक्ने बनाउन तत्पर छौं।'

'स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्डसम्बन्धी निर्देशिका, २०७३' अनुसार सरकारी स्तरका हेल्थपोस्टमा आधारित प्रयोगशाला 'ई' समूहका र सरकारी स्तरका प्राथमिक स्वास्थ्य केन्द्रमा आधारित प्रयोगशाला 'डी' समूहका प्रयोगशालामा पर्छन्। कामपाका स्वास्थ्य प्रयोगशाला इञ्चार्ज, ल्याब टेक्निसियन राधिका कुइँकेलका अनुसार आन्तरिक नियन्त्रण प्रणाली र बाह्य प्रयोगशालाहरूसँगको सहकार्यमा प्रयोगशालाका नतिजालाई स्तरीय बनाउने प्रयास भइरहेको छ।

प्रयोगशाला विज्ञान र प्रविधिमा आधारित हुन्छ। यी क्षेत्रहरूमा सबैभन्दा छिटो परिवर्तन आइरहेको हुनाले प्रयोगशालाका प्राविधिकहरूले आफूलाई हरेक दिन तालिममा सहभागी भएको महसुस गरेर आचरण गर्नुपर्ने, सेवा सञ्चालन मापदण्ड बनाएर त्यसका आधारमा काम गर्नुपर्ने छ। *रासस*


**हिप्को इस्पात लिमिटेडको**
**वार्षिक साधारण सभा बस्ने सूचना**

यस कम्पनीको मिति २०८२/०८/२८(तदनुसार १४ डिसेम्बर २०२५) गतेका दिन बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनूसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुनाले शेयरधनी महानूभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:**
मिति : २०८२ पौष २६ गते (११ जनवरी २०२५) आइतबार।
समय : अपरान्ह ३:३० बजे।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, गणबहाल, काठमाडौं।

**छलफलका विषयहरु:**
१. आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको प्रतिवेदन पारित गर्ने।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको ३२ आषाढ २०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह लगायत वित्तिय विवरणहरु छलफल गरी स्वीकृत गर्ने।
३. कम्पनी ऐनको दफा ७८ अर्न्तगतको प्रतिवेदन र उद्घोषण प्रस्तुत गर्ने।
४. संचालक समितिले गरेका निर्णयहरुको अनुमोदन गर्ने।
५. आर्थिक वर्ष २०८२/८३ का लागि लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने।
६. विविध।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



**खरिद सूचना**

हाल सञ्चालनमा रहेको, कुनै मुद्दा-मामिला, झै-झमेला वा विवाद नभएको, JITCO-Japan International Trainee & Skilled Worker Cooperation Organization) लाइसेन्स प्राप्त म्यानपावर कम्पनी तुरुन्त आवश्यक भएको हुँदा बिक्रीकर्ता स्वयम्ले मात्र सिधा सम्पर्क गर्नुहोला।

**सम्पर्क नं.९८४१२९५९८२**



**प्रमाणपत्र हराएको सूचना**

मितिः २०८२/०७/०२ गते काठमाडौं जिल्ला, चावहिलबाट सातदोबाटोसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को राष्ट्रिय परिक्षा बोर्डबाट जारी ट्रान्सक्रिप्ट, माइग्रेसन र प्रोजिजनल प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम : अनुराग दयाल**
**रजिस्ट्रेसन.नं.: ७८११२०३६०००१**
**सिम्बोल.नं.: २१२०१३७२**
**ठेगाना: काठमाडौं, बौद्ध, नयाँबस्ती**
**सम्पर्क: ९८१९७०९९४६**



**माद्मे खोला हाइड्रोपावर लिमिटेड**
**ललितपुर म.न.पा. १०, ललितपुर**
**चौथौ वार्षिक साधारण सभा सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०८२।०९।०६)**

यस कम्पनीको सञ्चालक समितिको मिति २०८२ पौष ४ गते शुक्रबारको दिन ४:०० बजेको निर्णय अनुसार **चौथौ वार्षिक साधारण सभा** निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**चौथो वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**
**मिति** :- २०८२ पौष २७ गते आइतबार (तदनुसार ११ जनवरी, २०२६)
**समय** :- दिनको ४ बजे
**स्थान** :- होटल हार्दिक, बागबजार, काठमाडौँ

**चौथौ वार्षिक साधारण सभाका प्रस्तावहरू:**
**१.सामान्य प्रस्तावहरू :**
क) कम्पनीको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
ख) कम्पनीको आ.व.२०८१/८२ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने।
ग) कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धी।
घ) कम्पनीको प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) सम्बन्धी।
२. **विविध।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



**साउदीमा रोजगार** कम्पनी : FMS Malaga Contracting Company
पूर्व स्वीकृति मिति : २०८२/०९/०४ LT. No. 335470 चलानी नं. ६०२४९१४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFOLD LABOR | 2 | 0 | 1400 | ५३,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १३ गते (28th Dec. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Felicity International Employment Agency Pvt.Ltd.**
P.O.Box: 11603, Samakhushi-03, Jaldhara Marg, Jhilimili Tole, Kathmandu
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np
Govt. License 226/058/059



**साउदीमा रोजगार** कम्पनी : IMDAD AL-KHALIJ FOR GAS EST. शहर : DAMMAM
पूर्व स्वीकृति मिति : २०८२/०९/०४ LT. No. 335356 चलानी नं. ६०२४९१४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६९,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १३ गते (28th Dec. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SHREESHA INTERNATIONAL PVT.LTD.**
Govt. License 1573/079/080
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com
For Location



**साउदीमा रोजगार** कम्पनी : FIRST IDEA FOUNDATION FOR SELLING FOODSTUFFS
पूर्व स्वीकृति मिति : २०८२/०९/०२ LT. No. 335205 चलानी नं. ६०२४९१३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOAD & UNLOAD WORKER | 5 | 0 | 1200 | I | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Tools Cleaning Worker | 5 | 0 | 1200 | | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १३ गते (28th Dec. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**एनसेल आजियाटा लिमिटेडको**
**छैठौं वार्षिक साधारण सभाको सूचना**
**(प्रथम पटक प्रकाशित)**

यस एनसेल आजियाटा लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०९/०३ को निर्णय बमोजिम कम्पनीको छैठौं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा यस कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं सभामा यहाँ स्वयं वा यहाँको आधिकारिक प्रतिनिधिको समुपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा बस्ने मिति, समय र स्थान :
मिति:- पुष २८, २०८२ (तदनुसार जनवरी १२, २०२६) सोमबार।
समय:- बिहानको ११:०० बजे।
स्थान:- एनसेल कार्यालय, ललितपुर महानगरपालिका, वडा नं. ४।

वार्षिक साधारण सभामा प्रस्तुत हुने छलफलका विषयहरु:

(क) साधारण प्रस्ताव:
१. आ.व.२०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को वासलात, नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह लगायत वितीय विवरण पारित गर्ने सम्बन्धमा।
३. कम्पनीको आ.व. २०८२/८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४.सञ्चालक समितिको सिफारिस बमोजिम आ.व. २०८१/८२ को लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा।

(ख) विशेष प्रस्ताव:
१. कम्पनीको ऋण स्वीकृत गर्ने सम्बन्धमा।

(ग) विविध
अध्यक्षको अनुमतिमा अन्य कुनै प्रस्ताव(हरु)।

सञ्चालक समितिको आज्ञाले
निशिका शर्मा
कम्पनी सचिव

(मिति २०८२/०९/०५ मा प्रकाशित सूचनामा गरिएको संशोधन)



**Kepilasgadhi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Baksila, Khotang**
**Website: kepilasgadhimun.gov.np**

**Invitation For E-Bids**

**Date of publication: 2082/09/06 (21st Dec, 2025)**

Kepilasgadhi Rural Municipality, Office of Rural Municipal Executive, Baksila, Khotang, Nepal invites open competitive Bidding (Electronic Bids Only) from eligible and qualified bidders for the following works under NCB procedures. For More Detail, Eligible and interested bidders may visit and download the bid documents from e-GP system. PPMO's website: http/www.bolpatra.gov.np/egp.

| Contract Id | Description of Works | Last Date Of Bid Submission | Estimated Amount With Vat (Nrs) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 07/KRM/NCB/ WORKS/2082/083 | Construction Of Mangal Primary School Building | 2082/10/06 (20th Jan, 2026) 12:00 P.M. | 84,53,831.69 | 2,40,000.00 | 3000 |
| 08/KRM/NCB/ WORKS/2082/083 | Construction Of Kalika Primary School Building | 2082/10/06 (20th Jan, 2026) 12:00 P.M. | 65,00,439.53 | 1,85,000.00 | 3000 |

**Chief Administrative Officer**

# कण्ठरोग निवारणमा सफलता: गलगाँडको समस्या शून्य

**काठमाडौं–** पछिल्ला दशकका नेपालले गलगाँड (इण्डेमिक गोइटर) अर्थात् कण्ठरोग निवारणमा ऐतिहासिक सफलता प्राप्त गरेको छ । विगतमा आयोडिनयुक्त नुनको अभावका कारण पहाडी एवं हिमाली भू-भागका बहुसंख्यक नागरिकले गलगाँड रोगको चरम समस्यालाई झेल्नुपर्दथ्यो । घाँटीको अघिल्लो भागमा गलगाँड (डल्लो) नहुनुलाई अस्वाभाविक ठानिन्थ्यो । गलगाँडलाई एक प्रकारले सुन्दरताको प्रतीक मानिन्थ्यो ।

यस्तो विकृतिका विरुद्धमा सरकारले कण्ठरोग नियन्त्रण कार्यक्रममार्फत आयोडिनयुक्त नुनको वितरण अभियानलाई देशव्यापी सञ्चालन गरेपछि पछिल्लो दशकमा गलगाँडको समस्या शून्यमा झरेको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को पछिल्लो अध्ययन प्रतिवेदनअनुसार आयोडिनयुक्त नुनको पहुँच लगभग सतप्रतिशत पुग्दा आयोडिनयुक्त नुनको कमीबाट देखिने गलगाँडको समस्या निवारण भएको हो ।

सरकारको आयोडिनयुक्त नुनको सर्वसुलभ पहुँच आमनागरिकसम्म पुर्‍याउने नीति र यस नीतिलाई कार्यान्वयन गर्ने साल्ट ट्रेडिङ कर्पोरेसनको चुस्त वितरण व्यवस्थापनका कारण ग्रामीण क्षेत्रमा गलगाँडको समस्या शून्यमा झरेको हो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्राथमिकता प्राप्त कार्यक्रममा 'कण्ठरोग निवारण कार्यक्रम' छ । राष्ट्रिय योजना आयोगद्वारा गरिएको सो कार्यक्रमको 'आन्तरिक मूल्यांकन प्रतिवेदन २०७३' अनुसार दुर्गम क्षेत्रमा साल्ट ट्रेडिङ कर्पोरेसनको चुस्त नुन वितरण प्रणालीका कारण कार्यक्रमले सफलता पाएको हो ।

हाल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोडिनयुक्त नुनको आपूर्ति तथा वितरण प्रणाली र स्वास्थ्य मन्त्रालयले गलगाँडका रोग पहिचान तथा उपचारमा ध्यान दिने गरेका छन् । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार पछिल्ला दशकमा विशेष गरेर पहाडी एवं हिमाली क्षेत्रमा आयोडिनको कमीले हुने गलगाँड शून्यमा झरेको छ भने अन्य 'हाइपरथाइरोइडिज्म', मानसिक तथा शारीरिक क्षमतामा कमी आउने समस्यामा गिरावट हुँदै गएका छन् ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७०/७१ देखि गत आर्थिक वर्षसम्म कण्ठरोग निवारणका कार्यक्रमले सतप्रतिशत नै सफलता प्राप्त गरेको छ । अर्थात् दुर्गम हिमाली तथा पहाडी भूगोल भएका २२ जिल्लामा आयोडिनयुक्त नुनको सुलभ, सहज आपूर्तिमार्फत तथा आमजनताको सहज पहुँच पुर्‍याएकाले कार्यक्रमले सफलता प्राप्त गरेको हो । ती जिल्लामा विशेष गरेर गलगाँडको जोखिम रहने एवं समस्या हुन सक्ने सम्भावित आकलनसमेत गरिएको छ ।

गत आवमामात्र मन्त्रालयले कर्पोरेसनमार्फत एक लाख दुई हजार ५०० क्विन्टल नुनको सहज आपूर्ति गरेको थियो । मन्त्रालयका सहसचिव शिवराम पोखरेल आयोडिनयुक्त नुनको आपूर्ति र वितरण प्रणालीमा साल्ट ट्रेडिङ कर्पोरेसनको भूमिका ऐतिहासिक रहेको बताउँछन् । उनी भन्छन् 'कर्पोरेसनको चुस्त वितरण र व्यवस्थापन तथा आपूर्ति प्रणाली सहज भएकाले आमजनताको सहज पहुँचमा आयोडिनयुक्त नुन पुर्‍याउन सरकार सफल भएको हो । सरकारले मागका आधारमा दुर्गम क्षेत्रमा नुनको आपूर्ति पनि बढाउँदै लगेको छ ।' आव २०७०/७१ मा दुर्गमका २२ जिल्लामा ५९ हजार ५७३ क्विन्टल पुर्‍याइएको थियो ।

## भन्साभान्सामा आयोडिनयुक्त नुन

कालिकोट, तिलागुफा नगरपालिकाका प्रमुख शंकरप्रसाद उपाध्याय आयो नुनको पहुँच नगरवासीको भन्साभान्सासम्म पुगेको बताउँछन् । उनी भन्छन्, 'अब सहुलियत दरको नुन वितरणको जिम्मा पालिकालाई नै दिनुपर्छ । आगामी दिनमा आयोडिनयुक्त नुनको चुस्त वितरण र व्यवस्थापन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले दुर्गम जिल्लामा नुनको बिक्री डिपो थप गर्नुपर्छ । यसका लागि समन्वय गर्न पालिका तयार रहेको छ ।' तिलागुफा-१ का वडाध्यक्ष मनबहादुर बुढा गाउँमा 'ढिके नुन खानु हुँदैन, यसमा आयोडिन हुँदैन' भन्ने सचेतना बढेको, ढिके नुन वस्तुभाउलाई खुवाउन छाडिएको बताउँछन् । उनी भन्छन्, 'आयोडिनयुक्त नुनका बारेमा सचेतना त पुग्यो तर अझ सर्वसुलभ पहुँच पुग्न कठिन नै छ । सहुलियत दरका नुन वितरण प्रणालीलाई चुस्त बनाउनुपर्छ । यसमा संघीय सरकारले नुनको बिक्री डिपो थप गर्नुपर्छ ।'

सोही नगरपालिकास्थित सत्यदेवी माविका प्रधानाध्यपक सनम शाही विद्यालयले समय-समयमा आयोडिनयुक्त नुनको महत्त्वका बारेमा विद्यार्थीलाई सचेतनाका कक्षा लिने गरेको जानकारी दिए । उनी भन्छन्, 'दुई बालबालिका चिह्न भएको 'आयो नुन', 'भानु नुन'को महत्त्वका बारेमा जानकारी दिँदा भान्सामा ढिके नुनको प्रयोग हुन छाड्यो । गलगाँड भएका मानिस गाउँमा अहिले देखिँदैनन् ।'

कालिकोट, सान्नी त्रिवेणी गाउँपालिकाका अध्यक्ष मोहनबहादुर केसी पालिकाभित्र ढिके नुनको प्रयोग गर्ने घर लगभग शून्यमा रहेको जानकारी दिन्छन् । उनी भन्छन्, 'सरकारको आयोडिनयुक्त नुनको सर्वसुलभ पहुँच आमनागरिकसम्म पुर्‍याउने नीति र यस नीतिलाई कार्यान्वयन गर्ने साल्ट ट्रेडिङ कर्पोरेसनको चुस्त वितरण व्यवस्थापनका कारण भान्साभान्सामा आयोडिनयुक्त नुन आइपुगेका छन् । तर सहुलियत दरका नुनको कोटा बढाउनुपर्छ ।' अध्यक्ष केसीले गाउँमा 'दुई बालबालिका चिह्न अंकित आयोडिनयुक्त नुनको प्रयोग गर्नुपर्छ' भन्ने सचेतना बढेको बताउँछन् ।

सान्नी त्रिवेणी-९ स्थित मुम्रा स्वास्थ्य चौकीका प्रमुख धीरेन्द्र केसी आयोडिनयुक्त नुनको कमीले देखापर्ने गलगाँडका बिरामी गाउँमा नभएको जानकारी दिन्छन् । उनका अनुसार शरीरमा आयोडिनको कमीले गर्भवतीलाई असर पर्छ । गर्भ तुहिने, मृत शिशु जन्मने, अविकसित दिमाग भएको शिशु जन्मने, शारीरिकरूपमा विकलांक हुनेलगायत सम्भावना हुन्छ । सान्नी त्रिवेणी-९ स्थित डाँफे माविका प्रधानाध्यपक दूर्गाबहादुर केसी बालबालिकामा आयोडिनयुक्त नुनको कमीले हुने गलगाँड नदेखिएको बताउँछन् ।

जुम्ला चन्दननाथ नगरपालिकाकी उपप्रमुख रामदेवी खड्का पछिल्ला समय ढिके नुनलाई प्रयोग गर्ने प्रचलन लगभग अन्त्य भएको बताउँछिन् । उनी भन्छिन्, 'आयोडिनयुक्त नुन प्रयोग गर्नुपर्छ भन्ने सचेतना त बढेको छ । कति मात्रामा गर्ने हो, यसका बारेमा समुदायलाई जानकारी दिन आवश्यक छ । ग्रामीण क्षेत्रका भान्सासम्म आयो नुनको पहुँच पुर्‍याउन साल्ट ट्रेडिङ कर्पोरेसनको भूमिका प्रशंसनीय रहेको छ ।'

सोही नगरपालिकाकी जनस्वास्थ्य अधिकृत कमला पुन मगर नगरक्षेत्रमा हालसम्म आयोडिनयुक्त नुनको कमीले हुने गलगाँडका बिरामी नदेखिएको जानकारी दिन्छिन् । उनका अनुसार आयोडिनको कमी भएका बालबालिकाको मानसिक विकास राम्ररी नहुने, पढाइमा कमजोर हुने, सुस्त मनस्थिति, बोल्न नसक्ने, आँखा डेढो हुने र शारीरिक विकासमा पनि बाधा पुग्छ । साथै वयष्कमा आयोडिनको कमी भएमा गलगाँड आउने, थाइराइड, मानसिक, शारीरिक क्षमतामा कमीजस्ता असर देखिन्छन् । बालबालिकामा हुने न्युरोलोजिकल क्रेटिनिज्मको मुख्य कारण आयोडिनको कमी नै हो । सोही नगरपालिकाका शिक्षा शाखा प्रमुख खडानन्द चौलागाई विद्यालयमा आयोडिनयुक्त नुनको महत्त्वका बारेमा बालबालिकालाई समय-समयमा जानकारी दिने गरेको बताए ।

> हाल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोडिनयुक्त नुनको आपूर्ति तथा वितरण प्रणाली र स्वास्थ्य मन्त्रालयले गलगाँडका रोग पहिचान तथा उपचारमा ध्यान दिने गरेका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्ला दशकमा विशेष गरेर पहाडी एवं हिमाली क्षेत्रमा आयोडिनको कमीले हुने गलगाँड शून्यमा झरेको छ भने अन्य 'हाइपरथाइरोइडिज्म', मानसिक तथा शारीरिक क्षमतामा कमी आउने समस्यामा गिरावट हुँदै गएका छन् ।

## 'थोरै खाऔं, मात्रा मिलाएर खाऔं'

पछिल्लो समय देशभर वार्षिक दुई लाख टनभन्दा बढी आयोडिनयुक्त नुनको माग हुँदै आएको छ । यही मागअनुसार नै साल्ट ट्रेडिङ कर्पोरेसनले आयोडिनयुक्त नुनको सुलभ र सहज आपूर्ति गर्दै आएको छ । कर्पोरेसनका प्रबन्धक ब्रजेश झाका अनुसार गत आवमा कर्पोरेसनले दुई लाख १० हजार टन आयोडिनयुक्त नुन बिक्री वितरण गरेको थियो । अर्कोतर्फ कर्पोरेसनले नुन आपूर्तिमा तत्काल अवरोध आउन नदिन छ महिनासम्मलाई पुग्ने नुन आफ्ना गोदाममा मौज्दातमा राख्दै आएको छ । उनी भन्छन्, 'सरकारको कार्यादेशअनुसार नै आयोडिनयुक्त नुनको नियमित आपूर्ति र वितरण हुँदै आएको छ ।'

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव पोखरेल आयोडिनयुक्त नुनको आपूर्ति तथा वितरणलाई साल्ट ट्रेडिङ कर्पोरेसनले चुस्त बनाएकै कारण गलगाँड निवारणमा ऐतिहासिक हात परेको बताउँछन् । उनी भन्छन्, 'कर्पोरेसनलाई नुनको एकाधिकार दिँदा मूल्यमासमेत सरकारले नियन्त्रण गर्न पाइरहेको छ । सरकारकै नियन्त्रणमा रहेकाले नुनको मूल्यवृद्धि हुन नपाएको हो ।' निजी क्षेत्रलाई नुनको कारोबारमा प्रवेश गराउँदा आपूर्ति व्यवस्थामा संकट आइपर्ने विश्लेषकले जनाएका छन् । नुन अत्यावश्यक वस्तु भएकाले सरकारको नीतिभित्रै राख्नुपर्ने माग गरिएको छ ।

'आयोडिन' शरीरलाई दैनिकरूपमा नभई नहुने सूक्ष्म पोषक तत्व हो । सरकारले 'थोरै खाऔं, सही मात्रामा खाऔं' भन्दै दुई बालबालिका अंकित चिह्न भएको नुन खान आग्रह गर्दै आएको छ । नुनले थाइरोड ग्रन्थीबाट थाइरोइड हर्मोनहरू निकाल्न मद्दत गर्दछ । शरीरको नियमित क्रियाका लागि जस्तै कोशिकाहरूको कार्य चालु राख्न, दिमागको वृद्धि र विकास गर्नजस्ता मुख्यमुख्य काममा सहयोग गर्दछ । शारीरिक र मानसिक विकासका लागि चाहिने हर्मोन उत्पादनका लागि पनि आयोडिनको आवश्यकता पर्दछ । *रासस*

# मिडिया साक्षरतासम्बन्धी अभिमुखीकरण कार्यक्रम



■ प्रभाव संवाददाता

**ललितपुर–** नेपाल पत्रकार महासंघ ललितपुर शाखाको समन्वय तथा गोदावरी नगरपालिकाको सहयोगमा मिडिया साक्षरतासम्बन्धी दुई दिने अभिमुखीकरण कार्यक्रम शनिबार सम्पन्न भएको छ ।

ललिचपुर जिल्लामा पत्रकारिता अभ्यास गरिरहेका र पत्रकारितामा आउन चाहने नयाँ विद्यार्थीहरूलाई समावेश गरेर अभिमुखीरण कार्यक्रम आयोजना गरिएको हो । अभिमुखीकरण कार्यक्रममा बागमती प्रदेशका सञ्चार रजिस्ट्रार रेवतीप्रसाद सापकोटाले सञ्चारको महत्त्व र भूमिकाको बारेमा जानकारी दिँदै समाचार सम्प्रेषणका माध्यम र तौरतरिकाका बारेमा जानकारी दिएका थिए । 'आमसञ्चारका धेरै माध्यमहरू हुन्छन्, पत्रकारकारिता एउटा माध्यम हो, अहिलेको दुनियाँमा सूचना प्रविधिको माध्यमबाट प्रवाह हुने क्रम बढ्दै गरेको अवस्थामा छ,' उनले भने ।

उनले पत्रकारितामार्फत आमसञ्चार माध्यममा तथ्यपरक र यथार्थ सूचनामात्रै सम्प्रेषण हुने जानकारी गराउँदै सामाजिक सञ्जालमा आउने सबै सूचना सही र सत्यतथ्य नहुने बताए । 'पत्रकारले सत्य र तथ्य सूचना प्रवाह गरेको हुन्छ, तथ्य र तथ्यांकलाई विश्लेषण गरेर लेखेको हुन्छ, सामाजिक सञ्जालमा लेख्ने सबैले सत्य र तथ्य सूचना प्रवाह गरेका हुँदैनन्, यी सूचनाहरू लाइक गर्नु, प्रतिक्रिया दिनु र आफूले अरुलाई प्रवाह गर्नु गलत कार्य पनि हुन्छ, यस्तो कार्यले समस्या आउन पनि सक्छ,' सापकोटाले भने ।

महासंघका केन्द्रीय सदस्य सुर्य सुवेदीले समाजको विकासभन्दा प्रविधिको विकास तीव्ररूपमा बढिरहेको भन्दै प्रविधिको माध्यमबाट प्रवाह हुने सत्य र असत्य सूचनाहरू छुट्याउन सक्नुपर्ने बताए । उनले हरेक नागरिकले मिडिया साक्षरतासम्बन्धी जानकारी लिनुपर्ने आवश्यकता रहेको बताउँदै मिडिया साक्षरता समाजका लागि अत्यन्तै महत्त्वपूर्ण भएको धारणा राखे ।

दुई दिनसम्म सञ्चालन भएको कार्यक्रममा प्रेस काउन्सिल नेपालका पूर्वअध्यक्ष भवानी बरालले पत्रकारिताको आधारभूत अवधारणा, फोटो पत्रकार विकास कार्कीले फोटोको प्रयोग, पत्रकार जीवन भण्डारीले पत्रकारितामा एआईको प्रयोगबारे प्रशिक्षण दिएका थिए ।

# देशभर कायम गरियो १० हजार ९६७ मतदानस्थल

**काठमाडौं–** आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभर कूल १० हजार ९६७ मतदानस्थल रहने भएको छ । निर्वाचन आयोगले सहजरूपमा मतदान गर्ने व्यवस्थाका लागि १६८ वटा मतदानस्थल थप गरेको छ ।

साविकमा १० हजार ८९२ मतदानस्थल रहेका थिए । यस्तै, प्रयोगमा नरहेका र समायोजित भएका ९३ वटा मतदानस्थल भने खारेज गरिएको छ । आम मतदातालाई सहज, सहजरूपमा मतदान गर्ने व्यवस्थाका लागि मतदानस्थल तय गरिएको आयोगले जनाएको छ । मतदातालाई अपायक परेका, प्रयोगका नरहेका मतदान केन्द्र खारेज गरी पायक पर्ने स्थानमा थप गरिएको हो ।

मतदानस्थल पुनरावलोकन गर्ने क्रममा मतदानस्थलको नाम, ठेगानामा रहेको त्रुटि सच्याउने, मतदातालाई पायक पर्ने स्थानमा आंशिक वा सबै मतदातालाई स्थानान्तरण गरिने छ । यसैगरी, मतदातालाई साविककै अर्को मतदानस्थलमा समायोजनसमेत गरिएको छ । आयोगले यसअघि नै सार्वजनिक सूचनामार्फत मतदानस्थल पुनरावलोकनका लागि सूचनामार्फत जानकारी गराएको थियो ।

पुनरावलोकनको क्रममा कुनै मतदाताको नाम सम्बन्धित मतदानस्थलमा सार्न वा समावेश हुन छुट भएको भए दाबी विरोध गर्न आग्रह गरेको थियो । एउटै वडाभित्र रहेको कुनै एक मतदानस्थलबाट आफूलाई पायक पर्ने अर्को मतदानस्थलमा नाम सार्नका लागि निवेदन दिन सक्ने व्यवस्था गरिएको आयोगले उल्लेख गरेको थियो । यस्तै, प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी भएसँगै आसन्न निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ समावेशी समूहको प्रतिशत निर्धारण पनि सहज भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा शुक्रबार प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गरेका हुन् । नेपाल सरकारले २०७८ को जनगणनाको प्रतिवेदनबमोजिमको दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिमको जनसंख्या प्रतिशतको आधारमा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसूची १ लाई संशोधन गर्न सिफारिस गरेको थियो । *रासस*


**Bhokraha Narsingh Rural Muncipality**

**Office of the Rural Municipal Executive**

**Chirauli, Sunsari,**

**Koshi Provience**

**Invitation for Bids**

**Invitation for Bids No BNRM/CS/NCB/WORKS/INTERLOCK BLOCK-09/082/083**

***Date of publication: 2025/DEC/21***

1. ***Bhokraha Narsingh Rural Muncipality Chirauli, Sunsari, Koshi Provience*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***Ward Number 2 Akaha Bazzar Saundariyakaran Garne Karya.*** Under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. **7097002.01 (Without VAT and Without PS)**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download from PPMO website www.bolpatra.gov.np/egpthe and the office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***Nrs 3000.00*** submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   ***Name of the Bank*** *: Laxmi Sunrise Bank*

   ***Name of Office*** *: Bhokraha Narsingh Rural municipality, Sunsari .*

   ***Office Code No.*** *80114505300*

   ***Account No.****: 07903000034*

   ***Rajaswa (revenue) Shirshak No.*** *:14229*
4. Pre-bid meeting shall be held at Bhokraha Narsingh Rural Municipality, Sunsari at **2026 Jan-9** at **13:00**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on before ***12:00*** on ***2026 Jan 20.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 2026 Jan 20** at the office of Bhokraha Narsingh Rural Municipality, Sunsari**.** Bids must be valid for a period of 90days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to ***Nrs 201000.00*** , which shall be valid for 30 days beyond the validity period of the bid .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bidder should declare for not working in more than five ongoing contracts in current fiscal year.
9. Bidder may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through E- GP system by using the forms and instructions provided by the system. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
10. Other mandatory information will be as per Public Procurement Act 2063 and (PPA) and Public Procurement Regulation 2064 (Amended).

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# शुल्क वृद्धि खारेजीले श्रमिकलाई राहत

चौतर्फी विरोधपछि वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्क वृद्धि गर्ने निर्णयबाट सरकार पछि हटेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्री पाएलगत्तै श्रमिकको पक्षमा सकारात्मक निर्णय आएको हो । श्रममन्त्री बनेर आएका राजेन्द्रसिंह भण्डारीले शुक्रबार शुल्क वृद्धि खारेजीको घोषणा गरेका हुन् । श्रमिकलाई भार पार्नेगरी गरिएको शुल्क वृद्धि खारेज हुनु स्वागतयोग्य छ ।

मन्त्रालयले केही समयअघि छ हजार ५०० रहेको शुल्क बढाएर नौ हजार ५०० रूपैयाँ बनाएको थियो । यसबाट श्रमिकमाथि आर्थिक बोझ थपिन पुगेको थियो । यसमा स्वास्थ्य व्यवसायीहरूको स्वार्थ लुकेको भन्दै वैदेशिक रोजगार व्यवसायीहरू विरोधमा थिए । शुल्क बढाइनुको कारण ३४ थरीका परीक्षण गर्न भनिएको थियो । तर, नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा आबद्ध व्यवसायीहरूले भने त्यति धेरै परीक्षण अनिवार्य गर्नु आवश्यक नभएको बताउँदै आएका थिए । संघले गन्तव्य मुलुकले माग नै नगरी रोजगारीमा जाने श्रमिकलाई ३४ थरीका परीक्षण गर्न लगाउनु श्रमिकलाई आर्थिक भार थप्नुमात्र भएको बताएको थियो ।

जेन–जी आन्दोलनपछि बनेको अन्तरिम सरकारमा सबै मन्त्री नियुक्त हुन सकेको थिएन । श्रम मन्त्रालयमा मन्त्री नियुक्त नहुँदा प्रधानमन्त्री सुशीला कार्की स्वयंले मन्त्रालयको नेतृत्व सम्हालेकी थिइन् । यही अवस्थामा स्वास्थ्य परीक्षण शुल्क बढाउने निर्णय मन्त्रालयबाट भएको थियो । यो निर्णयलाई विभागीय मन्त्री नहुँदाको प्रभावको रूपमा हेरिएको थियो । किनभने, सरोकारवालाहरूले शुल्क वृद्धिको विरोध गर्दै ध्यानाकर्षण गराउँदासमेत सम्बोधन हुन सकेको थिएन । प्रधानमन्त्री कार्की स्वयंलाई पनि ध्यानाकर्षण गराइएको थियो । मन्त्री आउनासाथ यो विषयको सम्बोधन भएको छ ।

त्यसो त मन्त्री नहुँदा वैदेशिक रोजगारीका अन्य धेरै कामहरू रोकिएका छन् । विभिन्न मुलुकसँग गर्नुपर्ने श्रम सम्झौता, कूटनीतिक पहललगायतका काम प्रभावित भएका थिए । विभागीय मन्त्री पाएसँगै मन्त्रालयमा रोकिएका काम अगाडि बढ्ने अपेक्षा गरिएको छ । भर्खरै कार्यभार सम्हालेका मन्त्री भण्डारीले वैदेशिक रोजगार क्षेत्रमा विद्यमान समस्याहरूलाई कसरी सम्बोधन गर्लान्, त्यो आगामी दिनमा देखिने नै छ । संक्रमणकालीन समयमा मन्त्रालय सम्हाल्न आएका मन्त्री भण्डारीसमक्ष काम गरेर देखाउनुपर्ने चुनौती छ । तर, अन्तरिम सरकार भएकोले उनीसँग छोटो समय छ । भनिन्छ, राम्रो काम गर्नलाई धेरै समय आवश्यक पर्दैन । मन्त्रालयमा जति समय नेतृत्व गरे पनि श्रमिकको हितलाई ध्यानमा राखेर फटाफट निर्णय गर्ने अपेक्षा मन्त्री भण्डारीसँग छ ।

# राजस्व परिचालनको अवस्था र सुधार गर्नुपर्ने पक्ष



❑ गम्भीरबहादुर हाडा

"नेपालको राजस्व प्रणालीअन्तर्गत आयकरमा स्वयं कर घोषणा गरी कर र विवरण बुझाउने, भन्सारमा कारोबार मूल्यको स्वयं घोषणा गरी महसुल बुझाउने, अन्तःशुल्कमा स्वयं निष्काशन प्रणालीबाट विवरण र कर बुझाउने, वित्तीय महत्त्व र राजस्व जोखिमको आधारमा छनोटपूर्ण जाँचपास परीक्षण गरी कर कानुनको परिपालना गराई करको स्वेच्छिक कर सहभागिताको माध्यमबाट राजस्व संकलन गर्ने नीति लिएको पाइन्छ ।"

साधारणतया जनताबाट सरकारलाई प्राप्त हुने आयलाई नै हामी सार्वजनिक आय भन्दछौं । आर्थिक, सामाजिक तथा अन्य प्रकारका आफ्नो कार्यहरूलाई नियमित रूपले सञ्चालनका लागि प्रत्येक देशको सरकारलाई निकै मात्रामा धनको आवश्यकता हुन्छ जुनचाहिँ सार्वजनिक आयका विभिन्न साधनहरूद्वारा प्राप्त गरिन्छ । सरकारले विभिन्न साधनहरूबाट जुन आय प्राप्त गर्दछ त्यसलाई सार्वजनिक आय भन्दछन् ।

आधुनिककालमा सरकारी क्रियाकलापले देशको आर्थिक र सामाजिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको छ । सरकारी क्रियाकलाप आज शान्ति सुरक्षा कायम गर्नु र नियम कानुनको पालना गर्न लगाउनुमात्र रहेको छैन । आर्थिक र सामाजिक क्षेत्रमा सरकारले जतिजति जनचेतनाको वृद्धि गर्दै लग्छ यसको वैकल्पिक कामहरू पनि त्यति नै वृद्धि हुँदै जान्छन् । वर्तमान युगमा सरकारी कर र खर्च नीतिले निजी वितरण प्रणालीमासमेत पूर्णरूपमा प्रभाव पारेको छ । कुनै पनि देशमा जे जति कार्यहरू सरकारले गर्छ, ती कार्यहरू सञ्चालन गर्नका लागि सरकारले आम्दानी गर्नुपर्दछ । सरकारले जबसम्म आम्दानी गर्न सक्दैन उसले खर्च पनि गर्न सक्दैन ।

नेपाल एउटा विकासोन्मुख राष्ट्र भएकोले देशको सीमित साधनलाई कसरी प्रभावपूर्ण ढंगले सदुपयोग गर्ने अथवा कसरी दक्षतापूर्वक वित्त सञ्चालन गर्ने भन्ने प्रश्न बढी महत्त्वपूर्ण हुन्छ । देशको आर्थिक विकास गर्न सार्वजनिक वित्तको व्यवस्थापन गर्दा अपनाउनुपर्ने वित्तीय नीतिले बचत गर्ने सामर्थ्य वृद्धि गराउन, उत्पादनशील क्रियाकलापमा लगानी बढाई राष्ट्रिय आयमा योगदान पुर्‍याउन सकारात्मक भूमिका खेल्नुपर्दछ ।

नेपालमा विकासको पूर्वाधार खडा गरी अत्यावश्यक वस्तुको बढीभन्दा बढी उत्पादन र न्यायोचित वितरण नै आर्थिक विकासको खुडकिलो हो भन्न सकिन्छ । कुनै पनि देश तीव्र आर्थिक विकासका लागि आन्तरिक स्रोतको विकास र परिचालनबाट मात्र देश विकास गर्न सकिन्छ भन्ने कुरा दुईमत हुन सक्दैन । देशमा भएको गरिबी हटाउन, आर्थिक तथा सामाजिक क्षेत्रमा ठूलो स्रोत र बाहय स्रोत जुटाउने दुई प्रमुख उपाय हुन् । आन्तरिक स्रोतहरूमध्येमा कर एक महत्त्वपूर्ण स्रोत हो । देशको शान्ति सुरक्षा, प्रशासनिक कार्य तथा विकास कार्यका लागि सरकारलाई बढी रकमको आवश्यकता पर्दछ र यस्तो रकमको बढी परिमाण सरकारले करबाट नै प्राप्त गर्दछ । नेपालको राजस्वका मिश्रित दुई स्रोतहरू कर राजस्व र गैरकर राजस्वमध्ये कर राजस्वको भूमिका ठूलो रहेता पनि गैरकर राजस्वको प्रभाव पनि निकै बढेको छ । जसरी भए पनि राजस्व चुहावट नियन्त्रण हुनुपर्छ ।

नेपाल सरकारले विभिन्न सरकारी कार्य सञ्चालन गर्नका लागि विभिन्न स्रोतबाट आय आर्जन गर्दछ । यसलाई राजस्व भनिन्छ । सरकारको राजस्व स्रोतलाई कर राजस्व र गैरकर राजस्व गरी दुई भागमा विभाजन गर्न सकिन्छ । नेपाल सरकारको आम्दानीको प्रमुख स्रोत राजस्व हो । तर राजस्वको आम्दानीबाट देशको सम्पूर्ण खर्च पूर्ति गर्न नसकिएकोले नेपालले प्रत्येक वर्ष घाटाको बजेट अपनाउनु परेको छ । यो घाटा पूरा गर्नको निमित्त सरकारले राजस्वलगायत विभिन्न स्रोतहरूबाट पनि आम्दानी प्राप्त गरेको हुन्छ ।

नेपालमा राष्ट्रिय लेखाको विवेचना गर्दा कूल गार्हस्थ उत्पादनलाई मात्र आधार मान्ने चलन छ । विगत एक दशकयता नेपालको राष्ट्रिय अर्थतन्त्रमा विप्रेषण आप्रवाह निरन्तररूपमा बढिरहेको छ । तसर्थ, नेपाली जनताको खर्चयोग्य आम्दानी कूल गार्हस्थ उत्पादनभन्दा बढी हुन्छ । नेपालीले मुलुकभित्र कमाएको आयमा विदेशबाट कमाएको खुद आय जोड्दा हुने योगलाई कूल राष्ट्रिय खर्चयोग्य आम्दानी भनिन्छ ।

भन्सार महसुल, अन्तशुल्क, मालपोत तथा रजिस्ट्रेसन, आयका नाफा कर, सम्पत्ति कर, बिक्री कर र अरु करहरूबाट प्राप्त आम्दानीलाई कर राजस्व भनिन्छ । यस्तै किसिमले सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आम्दानी, साँवा, ब्याज तथा लाभांश, रोयल्टी तथा सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त आम्दानी, टकमरी वा टक्सारबाट प्राप्त अन्य आम्दानी दस्तुर दण्ड जरिवाना, जफत तथा अन्य वित्तीय क्षेत्रबाट प्राप्त हुन आएको आम्दानीलाई गैरकर राजस्व भनिन्छ ।

सार्वजनिक खर्च वृद्धि हुनुमा अर्थशास्त्रीहरूले औंल्याएका प्रमुख कारणहरू निम्नानुसार छन्- कल्याणकारी राज्यको अवधारणा, सामाजिक सुरक्षा र प्रतिरक्षा खर्चमा बढोत्तरी, औद्योगिक विकास, जनसंख्या वृद्धि, प्रजातान्त्रिक प्रणालीको उदय/न्याय, अन्तर्राष्ट्रिय सम्बन्ध स्थापनामा तीव्रता, सहरीकरण, मूल्यवृद्धि, विकास योजनाको कार्यान्वयन । सरकारी खर्चको वर्गीकरण लाभ, आय, कार्य, आवश्यकता, प्राथमिकता र आर्थिक आधारमा गरिन्छ ।

सार्वजनिक खर्चको वर्गीकरणको सम्बन्धमा विभिन्न अर्थशास्त्रीहरूको प्रस्तुति फरक रहेको पाइन्छ । अर्थशास्त्रीहरूले प्रस्तुत गरेका धारणाहरूको आधारमा सार्वजनिक वा सरकारी खर्चलाइ क्षेत्रीय खर्च, काम र खर्चको प्रकृतिको आधारमा वर्गीकरण गर्न सकिन्छ । यसलाई हितको आधार, कार्यमूलक आधार, राजस्वको आधार, प्राविधिक आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । सार्वजनिक खर्चको वर्गीकरणको तात्पर्य सार्वजनिक कार्यहरूको सूची तयार गर्नु हो ।

वित्तीय संघीयता लागू भएसँगै वैदेशिक सहायता परिचालन नीति, २०७६ तर्जुमा भई कार्यान्वयनमा आएको थियो । तत्पश्चात्, जारी भएका आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा भएका व्यवस्था समायोजन गर्न, वैकल्पिक एवं नवीनतम् वित्तका उपकरण परिचालन गरी वित्तीय स्रोत बढाउनेलगायतका उद्देश्यले वैदेशिक सहायता परिचालन नीति, २०८२ कार्यान्वयनमा आएको छ ।

सम्मिश्रित वित्त विधिमार्फत वैदेशिक सहायता परिचालन गरी विकास वित्तको न्यूनता परिपूर्ति गर्ने व्यवस्था यो नीतिले गरेको छ ।

त्यसैगरी, सम्भाव्यता न्यून परिपूरक कोषमार्फत वित्तीय जोखिम न्यूनीकरणमा सार्वजनिक-निजी क्षेत्रको साझेदारी गर्न सकिने गरी वैदेशिक सहायता परिचालन गर्ने कार्यनीति रहेको छ । दिगो विकास, ऊर्जा तथा हरित विकाससम्बन्धी आयोजनामा लगानी गर्न निश्चित प्रतिफल दरको अनसोर वा अफसोर सार्वभौम बण्ड जारी गर्न सक्ने प्रावधान रहेको छ । निजी क्षेत्रको नेतृत्वमा यातायात, ऊर्जा तथा पूर्वाधार आयोजना विकास गर्ने कम्पनीमा सेयर लगानी गर्न वा क्रेडिटलाइन सुविधा उपलब्ध गराउन पूर्वाधार कोष स्थापना गर्न सरकारले सहजीकरण गर्नेजस्ता व्यवस्था यस नीतिमा समेटिएका छन् ।

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा राष्ट्रिय गौरवका आयोजनाहरूको छनोटका लागि स्पष्ट मापदण्ड निर्धारण गरिनुका साथै विद्यमान राष्ट्रिय गौरवका आयोजनाहरूको पुनरावलोकन गरिने नीति लिइएको छ । विकास आयोजनाको संख्या गत वर्षभन्दा चार हजार ६५४ ले घटाई आयोजना व्यवस्थापनलाई छरितो बनाइएको छ । संघीय सरकारले कार्यान्वयन गर्ने पूर्वाधारका नयाँ आयोजनामा तीन करोड रूपैयाँभन्दा कम विनियोजन नगर्ने मापदण्ड कार्यान्वयन गरिएको छ । यसबाट राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकताका आयोजनामा स्रोत व्यवस्थापन गर्न सहयोग पुग्ने र आयोजना कार्यान्वयन प्रभावकारी हुने अपेक्षा गरिएको छ । बजेट कार्यान्वयन क्षमतामा सुधार गरी पुँजीगत खर्च बढाउन विषयगत मन्त्रालयलाई थप जिम्मेवार बनाइने कार्यक्रम राखिएको छ ।

मदिरा, वियर, सुर्ती र चुरोटको आयातमा लाग्दै आएको भन्सार महसुल दरमा वृद्धि गरिएको छ । भन्सार महसुलका केही दरमा समायोजन गरिएको छ । विद्यमान अन्तःशुल्क दरमा सामान्य वृद्धि गरिएको छ । स्वास्थ्य जोखिम करको दायरा विस्तार गरिएको छ । विद्युतीय विजक प्रणालीमा करदाताको आबद्धता बढाउँदै केन्द्रीय विजक अनुगमन प्रणालीको दायरा फराकिलो बनाइने कार्यक्रम राखिएको छ । करदाता शिक्षा र कानुनको परिपालनाको माध्यमबाट स्वेच्छिक कर सहभागिता अभिवृद्धि गरिनुका साथै सबै किसिमका डिजिटल कारोबारलाई करको दायरामा ल्याउन डिजिटल सर्भिस ट्याक्सको आधार विस्तार गरिएको छ ।

कर छुट, सहुलियत तथा सुविधालाई समयानुकूल परिमार्जन गरी कर खर्च प्रणालीलाई औचित्यपूर्ण बनाइने कार्यक्रम राखिएको छ । छिमेकी मुलुकसँग द्विपक्षीय व्यापारसम्बन्धी तथ्यांक र सूचना आदानप्रदान गर्ने प्रणाली विकास गरी राजस्व चुहावट जोखिम न्यूनीकरण गरिने नीति लिइएको छ । राजस्व चुहावट नियन्त्रण गर्न इन्टेलिजेन्समा आधारित अनुसन्धान प्रणाली विकास गरिनुका साथै राजस्व परिचालनसँग सम्बद्ध निकायहरूबीच सूचना आदानप्रदान तथा संयुक्त अनुगमनलाई प्रभावकारी बनाइने कार्यक्रम राखिएको छ ।

नेपालको राजस्व प्रणालीअन्तर्गत आयकरमा स्वयं कर घोषणा गरी कर र विवरण बुझाउने, भन्सारमा कारोबार मूल्यको स्वयं घोषणा गरी महसुल बुझाउने, अन्तःशुल्कमा स्वयं निष्काशन प्रणालीबाट विवरण र कर बुझाउने, वित्तीय महत्त्व र राजस्व जोखिमको आधारमा छनोटपूर्ण जाँचपास परीक्षण गरी कर कानुनको परिपालना गराई करको स्वेच्छिक कर सहभागिताको माध्यमबाट राजस्व संकलन गर्ने नीति लिएको पाइन्छ ।

१६औं योजना आर्थिक वर्ष (२०८१/८२-२०८५/८६) मा राजस्व प्रशासनको नीतिगत तथा संस्थागत सुधार गरी प्रक्रियागत सरलीकरण र अन्तरनिकाय समन्वय कायम गर्ने र राजस्व प्रणालीलाई गतिशील र दिगो बनाउनेगरी आधुनिक प्रविधिको अधिकतम् उपयोग गर्ने, सबै प्रकारको आयलाई राजस्वमा आबद्ध गर्न एकीकृत प्रणाली विकास गर्ने । कृत्रिम बौद्धिकताको प्रयोग बढाउँदै सबै माध्यमबाट हुने कर छली नियन्त्रण गर्ने करदातामैत्री कर प्रशासनमार्फत राजस्व प्रशासनको शुद्धीकरण गर्ने, नियमित अध्ययन-अनुसन्धानका आधारमा कर नीतिमा सुधार, करका दर परिवर्तन र कर विवादमा सुनुवाइका लागि सुझाव दिने संयन्त्र निर्माण गर्ने । स्रोत अनुमानको अनुसन्धान, प्रमाण र जवाफदेहीता पुष्टि गर्ने संयन्त्रको विकास गर्नेः अनिवार्य र आकस्मिक दायित्वको सार्वजनिक खर्चलाई दिगो र धान्न सकिने बनाउन योगदानमूलक साझेदारी तथा सहभागितामा आधारित खर्च प्रणाली अवलम्बन गर्ने आदि जस्ता नीति, रणनीति तथा कार्यक्रमहरू राखिएको देखिन आउँछ ।

संघीयताको कार्यान्वयन सरल र सहज मार्ग होइन । एकात्मक शासन प्रणालीका विभिन्न चरित्र र व्यवहारबाट एकैपटक आत्मसात् गरिएको संघीय प्रणालीको आधारभूत पक्ष वित्तीय संघीयताको पूर्वाधार निर्माण र कार्यान्वयन कार्य स्वाभाविकरूपमा जटिल कार्य हो । यो अत्यन्तै जटिल, प्राविधिक र सबैको सहयोग, समन्वय र सहकार्य र सहभागिताको निरन्तर आवश्यक पर्ने भएकोले केही समस्या, बाधा, चुनौतीहरू छन् । अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक बनाउँदै करको दायरामा ल्याउने, कर सहभागितामा गुणात्मक अभिवृद्धि ल्याउने, कर संकलन लागत र करदाताको कर परिचालन लागत घटाउन आवश्यक छ ।

कर प्रशासनलाई पारदर्शी, करदातामैत्री र सदाचारयुक्त बनाउने, राजस्व चुहावटको नियन्त्रण, कारोबार मूल्यमा आधारित भन्सार जाँचपास प्रणालीको आधार बनाउने, बजारमा विल दिने, लिने पद्धतिको विकास गर्नुपर्दछ । सबै तहको कर प्रशासनहरूबीच एकरूपता कायम गर्ने र प्राकृतिक स्रोतको उपयोग, कर संकलन र बाँडफाँडबीच एकरूपता र समन्वय गर्ने, अन्तरसरकारी कर प्रणालीबीच सामन्जस्यता र जनतामा करको अनावश्यक भार पर्न नदिने गर्नुपर्छ ।

नेपालको मुद्रा बजारमा केही संरचनागत र केही नीतिगत रूपमा चुनौतीहरू रहेका छन् । कर प्रणालीलाई लगानीमैत्री वातावरण बनाउने संयन्त्रको रूपमा विकास गर्ने, स्वच्छ, तटस्थ एवं पारदर्शी कर प्रणालीको विकास गर्ने, स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्नुपर्छ । कूल गार्हस्थ उत्पादनसँग कर राजस्वको अनुपात बढाउने, संघीय संरचनाअनुसार राजस्व संरचनाको निर्माण गर्ने, करको आधार र दायरा विस्तार गर्ने, करको दायरालाई पारदर्शी एवं समन्यायिक बनाउनु आवश्यक छ ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के–के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

## पाठक मञ्च

# आर्थिक संकटलाई बेवास्ताः खर्च बढाउने बाटोमा सरकार

गत भदौ २३ र २४ गते मुलुकमा अनपेक्षित घटना भयो । जेन-जीहरूले गरेको प्रदर्शनले हिंसात्मक र ध्वंशात्मक रूप लिँदा सरकारी र निजी सम्पत्तिमा ठूलो क्षति पुगेको छ । सयौं सरकारी संरचना ध्वस्त हुँदा राज्यलाई खर्बौंको नोक्सानी भएको छ । त्यस्तै, निजी क्षेत्रले पनि दुई दिने प्रदर्शनमा ठूलो क्षति व्यहोरेका छन् ।

जनताले तिरेको कर र विदेशबाट ल्याएको ऋणबाट बनेको भवन र खरिद गरिएको गाडी खरानी भएको छ । सरकारलाई मात्र ८४ अर्ब बराबरको क्षति भएको छ । निजी क्षेत्रको क्षति पनि अर्बौंको छ । यो आन्दोलनमा झण्डै ८० जनाको ज्यान गएको छ भने हजारौं घाइते र अंगभंग भएका छन् ।

जेन-जी प्रदर्शन नियन्त्रणभन्दा बाहिर गएपछि केपी शर्मा ओलीले प्रधानमन्त्री पदबाट राजीनामा दिए । जेन-जीको बलमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री बनिन् । भदौ २७ गते प्रधानमन्त्रीको शपथ खाएकी उनको प्रमुख म्याण्डेट चुनाव गराउने हो । तर, सुशासनको ठूल्ठूला नारा दिने कार्की पनि पुरानै दलहरूको बाटो हिँडिरहेकी छन् ।

उनले पद सम्हालेपछि ५५ अर्ब ३६ करोड रूपैयाँ ऋण स्वीकृत गरिसकेकी छन् । जेन-जी आन्दोलनमा बितेकाभन्दा ४५ जना सहिद घोषणा गरेकोमा उनीहरूलाई प्रतिव्यक्ति १५ लाख रूपैयाँ क्षतिपूर्ति दिइएको छ । अन्य न सहिद घोषित भए न तिनका आफन्तले क्षतिपूर्ति पाए ।

सुशीला सरकारले यहीं भेदभाव गरेको छ । सहिद घोषणा भएकाको परिवारलाई महिनैपिच्छे भत्ता दिनुपर्छ । घाइतेहरूलाई उपचार गर्दा अर्बौं रूपैयाँ खर्च भइसकेको छ । राज्यले खर्च गरेपनि त्यो जनताले तिरेको कर हो । सहिदका आफन्तलाई वैदेशिक रोजगारीमा जानलाई कुनै शुल्क नलिने निर्णय कार्की नेतृत्वको मन्त्रिपरिषद्ले गरेको छ ।

उनीहरूलाई सरकारले आफ्नै खर्चमा विदेश पठाउने भनेको छ । जुनसुकै मुलुक गए पनि सरकारले खर्च व्यहोरिदिने छ । त्यस्तै, सरकारले घाइतेहरूलाई मासिक भत्ता पनि उपलब्ध गराउने निर्णय गरेको छ । देशभरका जिल्ला प्रशासन कार्यालयले गरेको वर्गीकरणको आधारमा नौदेखि १८ हजार रूपैयाँसम्म भत्ता दिने निर्णय भएको छ ।

सरकारले धमाधम छुट दिने र भत्ता बाँड्ने घोषणा गरिरहेको छ । तर, प्रश्न सरकारसँग स्रोत छ ? भन्ने हो । कहाँबाट ल्याएर हजारौं घाइतेलाई मासिक यत्रो भत्ता दिने ? उसैपनि देश वैदेशिक ऋणको दलदलमा फसेको छ । अर्थतन्त्र चौपट अवस्थामा छ । यस्तोमा घाइतेहरूलाई भत्ता बाँड्न र निःशुल्क विदेश पठाउन सम्भव छ ?

अर्कोतिर, पुनर्निर्माणको खर्च त्यसै छ । सुशीला सरकारले सस्तो लोकप्रियता बटुल्नका लागि देशको अवस्था नहेरिकन यस्ता निर्णय गरेकोजस्तो देखिन्छ । वैदेशिक ऋण २९ खर्ब ४२ अर्ब नाघिसकेको छ । सुशीला कार्की नेतृत्वको सरकारको खर्च पनि वैदेशिक ऋणले नै धानिरहेको छ । यस्तो अवस्थामा खर्च नियन्त्रण गर्ने नीति अपनाउनुपर्ने सरकार उल्टो बाटोमा लागेको त होइन ?

–रामचन्द्र राई, चावहिल

धुलोले आजित धवलागिरिवासी

# हरियाली वनपाखा र हराभरा बगैंचा धुलाम्मे



■ सन्तोष गौतम

**म्याग्दी–** धवलागिरि गाउँपालिकामा निर्माणाधीन जलविद्युत् आयोजनाहरूको निर्माणस्थलमा उड्ने धुलोले वायु प्रदूषण भएको छ । निर्माणस्थलमा चलाइएका डोजरले पाखोमा फाल्ने माटो र मालवाहक सवारीसाधनले उडाउने धुलोका कारण सडकमा हिँडडुल, घाँसदाउरा गर्न समस्या र गाईवस्तुको चरन तथा आहारा घाँसपात नष्ट भएको हो ।

मुदी, खिवाङ, बगर, खाम्ला, बास्बोट, सोलवाङ, दर, फलीयागाउँ, खोरवाङ, कौछीनी, बाँसबोट, नाउराका बासिन्दा धुलोले आजित भएका हुन् । धवलागिरि गाउँपालिका-४ छहरीदेखि खाराहुँदै खाम्ला र वडा नं ३ दरदेखि सिम्वाङहुँदै मुदी जोड्ने सडकमा धुलोले वायु प्रदूषण बढाएको स्थानीयले गुनासो गरेका छन् । मुना-दर-मुदी सडकको सिम्वाङ क्षेत्रमा दरखोला जलविद्युत् आयोजनाको पाइपलाइन निर्माणका लागि डोजर परिचालन गरेर सडकको भित्ता काट्ने काम भइरहेको छ ।

छहरी-खारा-खाम्ला खण्डको सडकमा अपर म्याग्दी, अपर म्याग्दी-१, म्याग्दीखोलालगायत जलविद्युत् आयोजनाका निर्माण सामग्री र उपकरण बोकेका ट्रक, टिपरलगायत मालवाहक सवारीसाधन ओहोरदोहोर गर्छन् । धवलागिरि गाउँपालिका-४ खिवाङका बासिन्दा लीलबहादुर घर्तीले सडकको धुलोले खेतीबाली र मानिसको स्वास्थ्यमा असर पारेको गुनासो गरे । 'विकासका आयोजना भित्रिएकामा खुसी भएका हामी हरियाली वनपाखा र हराभरा बगैंचा धुलाम्मे हुँदा दुःखी छौं,' उनले भने, 'विकास होस तर विपद् र वातावरण विनास नहोस् भन्ने हाम्रो अपेक्षा हो ।'

खाराका ज्ञानबहादुर पुनले गाईवस्तुलाई खुवाउने घाँस, फलफूल र तरकारीको पातैभरि धुलो थुप्रिएर उपभोग गर्न नसकिने भएको बताए । 'बगैंचा, खेतबारी र घाँसदाउराका लागि घरबाहिर गएर आउँदा शरीरभरि धुलैधुलो भएर नुहाउनुपर्छ,' उनले भने, 'सुकाएका कपडामा पनि धुलो टाँसिएर फोहोर हुन्छ । पानीको स्रोत पनि धुलोले दूषित बनाएको छ । खकार र सिँगानमा पनि धुलो मिसिएको आउन थालेको छ ।'

खाम्लाका बासिन्दा केशरमान पुनले गाडीभित्र सिसा थुन्दा उकुसमुकुस हुने र झ्याल खोले सबै भित्र पसेर धुलाम्मे भइने बताए । 'मोटरसाइकल र गाडीको पछाडि बसेर यात्रा गर्नेको धुलोले अनुहार पनि नचिनिने अवस्था हुन्छ,' उनले भने, 'जलविद्युत् आयोजनाले धुलो मार्नका लागि सडकमा पानी नहालेका कारण वायु प्रदूषण बढेको हो ।'

जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख भएको धुलो र प्रदूषण नियन्त्रण गर्ने प्रतिबद्धता कार्यान्वयन नगरेकाले सचेत बनाएको धवलागिरि गाउँपालिका-४ का वडाध्यक्ष यामबहादुर घर्तीले बताए । कात्तिक दोस्रो सातादेखि अकाशबाट वर्षा नभएकाले मौसम सुक्खा छ ।

अपर म्याग्दी-१ जलविद्युत् आयोजनाले मालिका गाउँपालिका-७ भारवाङमा निर्माणाधीन विद्युत्गृहदेखि छहरीस्थित अडिटसम्म हरेक दिन बिहान र बेलुकी टचांकरबाट सडकमा पानी हालेर धुलो मार्दै आएको छ । खाम्लादेखि बाँध निर्माणस्थलसम्म पनि टचांकरले सडकमा पानी हालेको छ ।

अपर म्याग्दी जलविद्युत् आयोजनाले घिम्लेटीमा निर्माणाधीन विद्युतगृहदेखि नाउराहुँदै चेचुङको फेदीमा रहेको अडिटसम्मको सडकमा पानी हालेर धुलो मारेको छ । नाउरादेखि अपर म्याग्दीको बाँध र बगरदेखि माथिको सडकमा पनि धुलो मार्नका लागि सम्बद्ध आयोजनालाई सचेत बनाएको धवलागिरि गाउँपालिका-४ का वडासदस्य हरिप्रसाद तिलिजाले बताए ।

अपर म्याग्दी-१ जलविद्युत् आयोजनाका प्रमुख ज्योतिकुमार केसीले छहरी-खारा-खाम्ला सडक स्तरोन्नतिको जिम्मा लिएको सहायक ठेकेदारले समयमा काम नगरिदिँदा धुलो नियन्त्रण गर्न नपाएको बताए । 'हाम्रो सिभिल ठेकेदार लुना विल्डर्समार्फत जिम्मा लिएका स्थानीय सबकन्ट्रक्टरले सडकमा नाली, पर्खाल बनाउन र सोलिङ गर्न ढिलाइ गर्नुभएको छ,' उनले भने, 'सब कन्ट्र्याक्टरले छिटो काम सकिदियो भने धुलो नियन्त्रण र थप काम लगाउन हामीलाई सजिलो हुने थियो ।'

लुना विल्डर्सको सहायक ठेकेदार चोचांगी पुन कन्ट्रक्सनका सञ्चालकसमेत रहेका मुदीका बासिन्दा दलमान पुनले आफ्नो जिम्मेवारी सडकको संरचना बनाउने भएको र धुलो मार्ने काम आयोजनाकै भएको तर्क गरे । 'नाउरादेखि खाम्ला-कल्लेनी क्षेत्रमा ग्याबियन, नाली, मेसिनरी पर्खाल र सोलिङको काम गर्नेमात्रै मेरो जिम्मेवारी हो,' उनले भने, 'धुलोका कारण मजदुरलाई काम गराउन मलाई पनि समस्या भएको छ ।'

अपर म्याग्दी जलविद्युत् आयोजनाका प्रमुख रमेश सुवेदीले आफ्नो आयोजना क्षेत्रमा धुलो नियन्त्रण गरेको र नाउरादेखि बगर जोड्ने सडकमा म्याग्दीखोला जलविद्युत् आयोजनासँग साझेदारी गरेर प्रदूषण नियन्त्रणको काम गरिने बताए । *रासस*



**भुवानाच** | डोटीको पूर्वीचौकी गाउँपालिका-४ सानागाउँमा मौलिक भेषभूषामा सजिएर सुदूरपश्चिम प्रदेशको मौलिक तथा ऐतिहासिक सांस्कृतिक पर्व भुवामा भुवानाच प्रदर्शन गर्दै स्थानीय । *तस्बिरः रासस*

# हिंसापीडित बालबालिकाका लागि सुरक्षित आवासगृहको अभाव

**भक्तपुर–** विभिन्न प्रकारको हिंसामा परेका बालबालिकालाई उद्धारपछि राख्ने सुरक्षित आवासगृहको अभाव हुन थालेपछि उपत्यकामा कार्यरत नेपाल प्रहरीका विभिन्न शाखा तथा सरोकारवाला निकायले चिन्ता व्यक्त गरेका छन् । उनीहरूलाई राख्ने व्यवथा मिलाउन समस्या हुन थालेकाले सहयोग गर्न अनुरोधसमेत गरिएको छ ।

राष्ट्रिय बालअधिकार परिषद्की सदस्यसचिव इन्द्रादेवी ढकालले बालबालिकाका लागि सुरक्षित आवासको व्यवस्था गर्नुपर्नेमा जोड दिइन् । उनले कानुनको विवादमा परेका बालबालिकासम्बन्धी उजुरीको अनुसन्धानलाई बालमैत्री बनाउने विषयमा सबैको ध्यान जानुपर्ने बताइन् ।

सदस्यसचिव ढकालले भनिन्, 'हिंसा एवं पीडामा परेका बालबालिका, किशोरीलाई उद्धारपछि राख्ने सुरक्षित आवास अत्यावश्यक छ । यसबारेमा मन्त्रालयसँग हामीले कुरा गरिरहेका छौं, एक प्रदेशमा कम्तीमा एक सुरक्षित आवासगृह आवश्यक । नयाँ आउनुभएका मन्त्रीसँग यसबारेमा कुरा गर्नेछौं ।'

परिवार र आफन्तबाट हुने हिंसाका घटनामा धेरैजसो मुद्दा चल्न नदिने र भित्रभित्रै मिलाउने समस्याहरू रहेको भन्दै उनले नौ वर्षमा एक बाल सुधारगृह नुवाकोटमा थपिँदा बल्ल नौ वटा पुगे पनि अझै सुधारगृह थप आवश्यक रहेकाले यसबारेमा पनि मन्त्रीसँग छलफल गरिने बताइन् ।

विगत ३१ वर्षदेखि बालअधिकार संरक्षणका लागि कार्य गर्दै आएको सिविसकी अध्यक्ष विमला ज्ञवालीले बालबालिका हिंसामा पर्दा आउने दबाबका समस्यालाई कानुनको कार्यान्वयन गर्ने निकायले निकासमा पुर्‍याएर पीडितलाई न्याय दिने मामिलामा सशक्त भएर उभिनुपर्नेमा जोड दिइन् । उनले बालबालिकामाथि हुने घटनाको अनुसन्धान गर्दा मानवअधिकार, संवेदनशीलता र मनोवैज्ञानिक पक्षलाई केन्द्रमा राख्नुपर्ने औंल्याउँदै भनिन्, 'एकमात्र बालबालिका पनि सडकमा कुनै पनि प्रकारको दुर्व्यवहार वा हिंसामा पर्छ भने कुनै पनि बालबालिका सुरक्षित छैनन् भन्ने बुझेर काम गर्नुपर्छ ।'

राष्ट्रिय बालअधिकर परिषद्का सूचना अधिकृत रामबहादुर चन्दले कानुन कार्यान्वयनमा ल्याउन कुनै दबाबमा पर्न नहुने औंल्याए । उनले कानुनमा अनुसन्धान, बालबालिकासम्बन्धी ऐन-२०७५, पीडित बालबालिकाको अधिकार, अनुकूल न्यायको व्यवस्थालगायतका बारेमा जानकारी गराएका थिए ।

सहभागी बालिका विपना बस्नेतले उजुरी लिएरै प्रहरीमा जान बालबालिकालाई डर लाग्ने बताउँदै बालबालिकासँग प्रहरीको सम्बन्ध राम्रो हुनुपर्ने बताइन् । खोजतलास केन्द्रका प्रहरी नायब उपरीक्षक दिनेश घिमिरेसहित भक्तपुर, काठमाडौं र ललितपुरका विभिन्न प्रहरी कार्यालयमा कार्यरत महिला सेलका प्रहरीहरूले हिंसापीडित बालबालिकाको अवस्था, उद्धारपछि राख्ने सुरक्षित आवासको अभाव रहेको बताएका छन् ।

बालबालिका खोजतलास केन्द्र १०४ का सन्तोष अधिकारीले विपद्मा परेका हिंसा एवं सडक बालबालिकालाई राख्ने ठाउँको अभाव हुँदा जुनसुकै बेलामा पनि खबर गर्न आग्रह गरे । सिविसकी टिम लिडर रुजा पोखरेलले बालमैत्री प्रक्रियाहरू प्रयोग गर्दै बालबालिका केन्द्रित घटनाको अनुसन्धान गर्नुपर्नेमा जोड दिइन् । *रासस*

# सीमानाकामा नेपाल-चीन संयुक्त सुरक्षा गस्ती

**मुस्ताङ–** उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको (नेपाल-चीन) उत्तरी कोरला सीमा क्षेत्रमा शुक्रबार संयुक्त सुरक्षा गस्ती गरिएको छ । हिउँदयामको माइनस डिग्री तापक्रमको पर्वाह नगरी सीमा क्षेत्रमा कार्यरत (नेपाल-चीन) संयुक्त सुरक्षा अधिकारीले कोरला सीमा क्षेत्रको निगरानी बढाउन गस्ती नियमित गस्ती थालेका हुन् ।

यहाँस्थित (नेपाल-चीन) कोरला सीमा क्षेत्रअन्तर्गत डोल्पातर्फ पर्ने २१, २२, २३ र २४ नं सीमास्तम्भ क्षेत्रमा संयुक्त गस्ती गरिएको सशस्त्र प्रहरी बल ३३ नं गुल्म हेडक्वाटर जोमसोमका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक भेषराज गिरीले जानकारी दिए । उनका अनुसार हिउँदयामका समयमा सीमा क्षेत्रमा हुनसक्ने सम्भावित अपराध नियन्त्रण, अवैध चोरी निकासी, अवैध चोरी सिकार, सीमा क्षेत्रको शान्तिसुरक्षा र सीमाक्षेत्रमा अवाञ्छित गतिविधि नियन्त्रण गर्ने उद्देश्यले (नेपाल-चीन) संयुक्त निगरानी गस्ती गरिएको र यो हिउँदयामभरि नियमित रहने जनाइएको छ ।

कोरलास्थित सीमा क्षेत्रमा सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) र कोरलास्थित चिनियाँ सुरक्षा अधिकारीको संयुक्त टोलीले यहाँको नेपाल-चीन चारवटा सीमास्तम्भको संयुक्त सुरक्षा गस्ती गरिएको सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) नेचुङका इञ्चार्ज एवं सशस्त्र प्रहरी निरीक्षक अरुण भण्डारीले उल्लेख गरे ।

कोरला सीमा क्षेत्रको शान्तिसुरक्षा र निगरानी बढाउन बिओपी इञ्चार्ज भण्डारीको कमाण्डमा १० जना र चीनतर्फ क्याप्टेन गेसाङ डुण्ड्रबको कमाण्डमा पाँच गरी १५ जनाको संयुक्त सुरक्षा टोली खटिएको बिओपी नेचुङले जनाएको छ ।

हिउँदयामको मौसममा नेपाल-चीनतर्फ पर्ने सबै सीमास्तम्भको नियमित संयुक्त सुरक्षा गस्ती गरिने योजना रहेको सशस्त्र प्रहरीले जनाएको छ । हिउँदयामको मौसममा कोरला नाका तथा अन्य सीमास्तम्भमा कोही नभएको मौका छोपी लुकीछिपी अवैध क्रियाकलाप हुनसक्ने अवस्था रहेकाले निगरानीका लागि सीमा गस्ती गर्नुपरेको जनाइएको छ ।

कोरलास्थित मुस्ताङ र चीनतर्फ सीमा जोडिएका सीमास्तम्भमा पुगेर नेपाल-चीनका संयुक्त सुरक्षा अधिकारीले नियमित गस्ती गरेका छन् । यहाँ चीनसँग सिमाना जोडिएका डोल्पातर्फ १८ देखि २३ र मनाङतर्फ २५ देखि ३३ नं सीमास्तम्भ पर्दछन् । नेपाल-चीन २४ नं सीमा क्षेत्र ट्राञ्जिट प्वाइन्ट एवं दशगजा क्षेत्र हो । *रासस*

# बागमती प्रदेशसभाको बैठक पुस तेस्रो साता बोलाउने तयारी

**बागमती–** बागमती प्रदेशसभाको बैठक यही पुसको तेस्रो साता बोलाउने गरी प्रदेश सरकारले तयारी थालेको छ । प्रतिपक्षी दलहरूले प्रदेशसभा बैठक बोलाउन दबाब दिएपछि प्रदेश सरकार यही पुसको तेस्रो साता बस्ने गरी बैठक बोलाउने तयारीमा जुटेको हो ।

'प्रदेशसभाको बैठक पुसको तेस्रो सातासम्ममा बस्ने गरी तयारी भइरहेको छ,' बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले भने, 'जेन-जी आन्दोलनका क्रममा तोडफोड र आगजनीबाट प्रदेशसभा हल क्षतिग्रस्त अवस्थामा छ, अहिलेका लागि अस्थायी रूपमा हेटौंडा उपमहानगरपालिका कार्यालय नजिकैको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहलबाटै बैठक सञ्चालन गर्ने तयारी गर्न कर्मचारीहरू जुट्नुभएको छ ।' उनका अनुसार केही दिनभित्रै त्यहाँ फर्निचर, माइक जडानलगायतको काम सकिन्छ र त्यसलगत्तै बैठक बोलाउने तयारीमा सरकार छ ।

'बैठकको तयारीका लागि उपसभामुखज्यू र प्रदेशसभाअन्तर्गतको विषयगत समितिका सभापतिज्यूहरू पनि छलफलमा जुट्नुभएको छ,' मुख्यमन्त्री बानियाँले भने, 'उहाँहरूले विभिन्न दलका नेताहरूसँग नियमति छलफल गरिरहनुभएको छ, हामीले पनि छिट्टै बैठक आह्वान गर्न प्रदेश प्रमुखज्यूलाई पत्राचार गर्छौं ।' त्यसपछि प्रदेशसभाको बैठक बस्ने उनको भनाइ छ ।

केही दिनअघि प्रदेश मामिला समितिको पहलमा उसभासमुख, विभिन्न समितिका सभापति र प्रदेशसभा सचिवालयका पदाधिकारीको संयुक्त बैठक बसेर तत्काल प्रदेशसभाको बैठक बोलाउन प्रदेश सरकारलाई आग्रह गरेको थियो । 'हाम्रो पहलमा बैठक बसेर प्रदेशसभाको बैठक अघि बढाउन सरकारलाई आग्रह गर्यौं, प्रदेश मामिला समितिका सभापति छिरिङदोर्जे लामाले भने, 'सरकारले पनि बैठक बोलाउन तयारी गरिरहेको आश्वासन दिएको छ, हेरौं छिट्टै प्रदेशसभाको बैठक बस्छ होला ।'

बागमती प्रदेशसभाका प्रतिनिधित्व गर्ने प्रतिपक्षी दलहरूले तत्काल प्रदेशसभा अर्थात् हिउँदे अधिवेशन बोलाउन माग गर्दै आएका छन् । नबोलाइए नियमावलीअनुसार अघि बढ्ने उनीहरूले चेतावनी दिएका छन् ।

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समावादी पार्टी र हाम्रो नेपाली पार्टीले मुख्यमन्त्री बानियाँलाई भेटेर प्रदेशसभाको हिउँदे अधिवेशन तत्काल बोलाउन आग्रह गरेका थिए । बागमती प्रदेशको रिक्त सभामुख पदमा सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमालेले दाबी गर्दै आएको छ ।

जेन-जी आन्दोलनका क्रममा सामाजिक सञ्जालबाट राजीनामाको घोषणा गरेका बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले गत असोज १ गते लिखित राजीनामा दिएपछि सभामुख पद रिक्त भएको हो । रिक्त सभामुख पदमा सत्तारुढ दुवै पार्टीले दाबी गरेपछि विगत चार महिनादेखि बागमती प्रदेशसभाको बैठक बस्न सकेको छैन ।

सरकारको सिफारिसमा प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले गत मंसिर ३ गते रातिदेखि प्रदेशसभाको अधिवेशन अन्त्य गरेका थिए । तर रिक्त सभामुख पदमा सत्तारुढ दुवै दलबीच सहमति नहुँदा सरकारले बैठक नबोलाएको हुनसक्ने अनुमान छ । प्रदेशसभाको बैठक बोलाएको १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने कानुनी व्यवस्था छ । *रासस*


**इष्टर्न हाइड्रोपावर लिमिटेड**

**ललितपुर महानगरपालिका-१०, ललितपुर**

**नवौं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२/०९/०६)**

यस कम्पनीको मिति २०८२ पौष ४ गते शुक्रबार दिनको ३:०० ब्जे बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको नवौं (आ.व. २०८१।८२) वार्षिक साधारण सभा निम्न मिति ,समय र स्थानमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न वस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदै सभामा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**नवौं बार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

मिति :- २०८२ पौष २७ गते आइतबार (तदनुसार ११ जनवरी, २०२६)
समय :- विहान ९ वजे
स्थान :- होटल हार्दिक, वागवजार , काठमाण्डौं ।

**नवौं बार्षिक साधारणका छलफलका प्रस्तावहरू :**

**(१) सामान्य प्रस्तावहरूः-**

क) कम्पनीको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
ख) कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
ग) कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धीमा ।

**विशेष प्रस्तावहरू**

क) कम्पनीको १:१ वरावरको हकप्रद शेयर (Right share) निष्काशन सम्बन्धी ।
ख) कम्पनीको प्रवन्धपत्र संशोधन सम्बन्धी ।
ग) संचालक समितिमा सस्थापक समूहवाट प्रतिनिधित्व गर्ने ५ जना, सर्व साधारण समूहवाट प्रतिनिधित्व गर्ने १ जना र स्वतन्त्र समूहवाट प्रतिनिधित्व गर्ने १ जना संचालकको निर्वाचन गर्ने सम्बन्धी ।

**(२) विविध ।**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२।०९।२० गते एक दिन शेयर दर्ता किताव बन्द (Book Close) रहनेछ ।
२. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरू हुनु भन्दा कम्तीमा २ दिन अगावै अर्थात मिति २०८२/०९/२४ गते दिनको ५ बजेभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्ने वा कम्पनीको इमेल pikhuwakhola5@gmail.com मा पठाइ सक्नुपर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिन पाइने छैन ।
३. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।
४. सभा हुने दिन सभामा उपस्थीतीका लागि हाजीर पुस्तीका विहान ८:३० वजे देखी खुल्ला रहने छ । सभामा भाग लिन शेयरधनीहरूले अनिवार्य रूपमा आफ्नो परिचय खुल्ने कुनै प्रमाणपत्र तथा हितग्राही खाता (Demat Account) मा शेयर अभौतिकरण गरिएको विवरण लिएर आउनुपर्नेछ ।
५. साधारणसभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा टेलिफोन नं ०१-५४५०९३४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

प्रभाव दैनिक




## 'फूलले बिझाको देखेको छौ र' सार्वजनिक

लोकप्रिय संगीतकार अर्जुन पोखरेलको नयाँ गीत 'फूलले बिझाको देखेको छौ र' को म्युजिक भिडियो सार्वजनिक भएको छ । रोमान्टिक भावनाले भरिएको यस गीतमा टिकटकर र रियल जोडीका रूपमा चर्चामा आएका विक्रम घिमिरे र सुरक्षा इटानी प्रेम जोडीको रूपमा प्रस्तुत भएका छन् । गीतमा शब्द-संगीत स्वयं अर्जुन पोखरेलकै रहेको छ भने स्वरमा उनलाई चर्चित गायिका शान्तिश्री परियारले साथ दिएकी छिन् ।





# फिल्म सेन्सर सहज बनाउन बोर्डले बनायो नयाँ कार्यविधि



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्रको सेन्सरलाई सहज बनाउन केन्द्रीय चलचित्र जाँचपास समिति (फिल्म सेन्सर बोर्ड)ले सेन्सरसम्बन्धी नयाँ कार्यविधि 'चलचित्र जाँचसम्बन्धी कार्यविधि २०८२' ल्याएको छ । नयाँ कार्यविधि ल्याएसँगै अब सेन्सर प्रक्रियामा रहेका विभिन्न त्रुटिको समाधान हुने अपेक्षा गरिएको छ । यो कार्यविधि पुस २ गतेबाट लागु भइसकेको छ । नयाँ कार्यबिधि बोर्डले आफ्नो वेभसाइटमा समेत राखेको छ ।

सेन्सर बोर्डका अध्यक्ष उदयबहादुर रानाले चलचित्र सेन्सर प्रक्रियालाई थप व्यवस्थित, पारदर्शी र झन्झटमुक्त बनाउन नयाँ कार्यविधि ल्याइएको बताए ।

'सेन्सर बोर्डका प्रक्रियागत जटिलताहरूलाई हटाउन र पुराना त्रुटि सच्याउन हामीले बुँदाहरू परिमार्जन गरेका छौं,' उनले भने, 'सेन्सरमाथि प्रश्नचिन्ह उठिरहेको बेलामा प्रक्रियालाई समयसापेक्ष बनाउने प्रयास हो । 'नयाँ कार्यविधिले फिल्मकर्मीलाई फिल्म सेन्सरमा निकै सहज हुने उनले बताए । 'यो कार्यविधिको मुख्य उद्देश्य सेन्सर बोर्डलाई व्यवस्थित गर्न' र चलचित्रकर्मीलाई सहजता प्रदान गर्न' हो,' रानामगरले भने ।

बोर्डले ल्याएको 'चलचित्र जाँचसम्बन्धी कार्यविधि-२०८२' मा बैठकसम्बन्धी केही विषय परिमार्जन गरिएको छ । बैठकसम्बन्धी व्यवस्थाको बुँदा नम्बर ४ मा उपदफा (३) को रूपमा चलचित्र जाँच गर्दा विज्ञ सदस्यको पदावधि सकिएको र नयाँ नियुक्त नभएको अवस्थामा चलचित्र विकास बोर्डको समन्वयमा मन्त्रालयले तयार गरेको रोस्टरबाट चलचित्र विज्ञ सदस्य आमन्त्रित गरी सेन्सर गर्न सक्ने व्यवस्था गरिएको छ । यसले फिल्म सेन्सरमा विज्ञको उपस्थिति हुनुपर्ने मागलाई सम्बोधन गरेको छ ।

त्यस्तै बोडले कार्यविधिको बुँदा नम्बर ४ को 'इजाजत माग गर्दा र समितिबाट जाँच गर्दा लिइने आधार' मा भने पुरानो कार्यविधिका २० बुँदा ८ बुँदा घटाएर १२ बुँदा बनाएको छ । बिभिन्न झन्झटिलो र संबिधानले संसोधन गरिसकेको बुँदाअहिले हटाइएका हुन् । पशुपक्षीमाथि गरिएको अनावश्यक निर्दयीपूर्ण जघन्य हिंसा, अश्लीलता वा अस्वाभाविक यौनजन्य क्रियाकलाप, मानव अधिकारको संरक्षण र सम्वर्द्धन, चलचित्रको दृश्य तथा सम्वादको मनसाय लगायत धेरै बुँदामा परिमार्जन समेत गरेको हो ।

### सेल्फ सेन्सर पद्धतिको विकास

बोर्डले फिल्मकर्मीलाई फिल्म सेन्सर गर्न सजिलो होस् भनेर स्वयंले जाँच गर्ने (सेल्फ सेन्सर) पद्धतिको समेत विकास गरेको छ । त्यसका लागि बोर्डले एउटा फारमको समेत व्यवस्था गरेको छ । जसबाट चलचित्रकर्मीले आफ्नो फिल्ममा सेन्सरबाट देखिने त्रुटि आफैंले पत्ता लगाउन सक्नेछन् । सेल्फ सेन्सर अन्तर्गत रहेर चलचित्रकर्मीले आफ्नो फिल्म बुझाउँदा फिल्म सेन्सर सहज हुने र चलचित्रकर्मीले व्यहोर्न'पर्ने विभिन्न झन्झटबाट मुक्त भई सेन्सर बोर्ड र चलचित्रकर्मी दुवैको समय बचत हुने बोर्डका अध्यक्ष राना मगरले बताए ।

'सेल्फ सेन्सर चलचित्रकर्मीलाई आफ्नो फिल्मको त्रुटि आफैंले पत्ता लगाएर करेक्सन गर्ने एउटा प्रणालीको रूपमा हामीले लिएका छौं,' उनले भने, 'यसले सेन्सर बोर्ड र चलचित्रकर्मीलाई अनावश्यक झन्झट व्यहोर्न'पर्ने अवस्थाबाट मुक्त गर्छ ।' सेल्फ सेन्सरले चलचित्रकर्मीलाई सेन्सर प्रमाणपत्र लिन समेत सजिलो हुने रानाको भनाइ छ ।

# 'पेन्सन पट्टा'को छायांकन सुरू



■ प्रभाव संवाददाता

**काठमाडौं –** चलचित्र 'पेन्सन पट्टा'को छायांकन सुरु भएको छ । कास्कीको ताङतिङ गाउँबाट शुभ-मुहूर्तसहित बिहीबारदेखि चलचित्रको छायांकन सुरु गरिएको हो ।

चलचित्रका निर्देशक र निर्माता कलाकार माओत्से गुरुङ हुन् । चलचित्र ३५ दिनसम्म कास्कीका विभिन्न ठाउँहरूमा खिचिनेछ । चलचित्रमा दयाहाङ राई, सुनिल थापा, पशुपति राई, गौमाया गुरुङ, बुद्धि तामाङ, विल्सन विक्रम राई, सुनिल थापा, राज थापा काउछा, लुनिभा तुलाधर, विश्वास गुरुङ, माया गुरुङ, यासिली राई लगायतका कालाकारको अभिनय रहनेछ । चलचित्र भूतपूर्व लाहुरेको कथामा बन्न लागेको निर्देशक गुरुङले बताए ।

माओत्से गुरुङ फिल्मस्को ब्यानरमा निर्माण हुने चलचित्रको कथा पनि निर्देशक गुरुङले नै लेखेका हुन् । मीन कोन्मे गुरुङ (सिकलेस), भोज बहादुर गुरुङ (युके) र सपना गुरुङको लगानी रहने चलचित्र सुशन प्रजापतिले खिच्नेछन् । चलचित्रमा संगीत झुमा लिम्बु, मनोज थापा मगर र शिव बराइलीको रहनेछ । माओत्सेले यसअघि 'दयारानी' निर्देशन गरेका थिए ।

# अस्ट्रेलियाबाट फर्किए यम बराल

**काठमाडौं (प्रस)–** अस्ट्रेलियाको सांगीतिक भ्रमण पूरा गरी गायक यम बराल स्वदेश फर्किएका छन् । करिब एक दशकपछि अस्ट्रेलियामा कार्यक्रमका लागि पुगेका यम तीन सहरमा गुञ्जिए ।

तीन साता लामो सांगीतिक यात्राको दौरान उनले सिड्नीमा दुईवटा कार्यक्रममा प्रस्तुति दिए भने क्यानबेरा र एडिलेडमा एक- एक कन्सर्ट गरे ।

यम बराल भन्नासाथ संगीतप्रेमीहरूलाई 'बादलुको घुम्टो' र 'निष्ठुरीले छाडेर' गीत सुरुमा याद आउँछन् । अस्ट्रेलिया कन्सर्टका क्रममा पनि उनले यिनै दुईमध्ये एक गीतमा सुरुवाती प्रस्तुति दिए । अस्ट्रेलिया तीन सहरमा रहेका नेपालीहरूलाई उनले मन रहे पो मायाप्रीति, दिलमाया दिलमाया, अब चोटहरूले, तिम्रो हाम्रो चिनारी, माया बस्यो मुटुमा, सनम माया लाको जस्ता लोकप्रिय गीतदेखि नयाँ गीत 'राम पियारी' र 'टेण्डर मायाको'सम्मले झुमाए ।

लामो समयपछि अस्ट्रेलियामा कार्यक्रम गर्न पाउँदा खुसी लागेको यमले रातोपाटीलाई बताए । ''लामो समयपछि अस्ट्रेलिया गइयो । बढ्दो नेपालीहरूको संख्यामाझ कलाकारको सम्मान र माया अझै बढेको महसुस गरें,' उनले भने ।



साफ महिला क्लब च्याम्पियनसिप

# एपिएफलाई हराउँदै इस्ट बंगाल बन्यो च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतीय क्लब इस्ट बंगालले साफ महिला क्लब च्याम्पियनसिपको उपाधि हात पारेको छ । नेपाली गोलकिपर अञ्जना रानामगरको फितलो प्रदर्शनलाई फजिला इक्वापुटकीले फाइदा उठाउँदै इस्ट बंगाल एफसीलाई च्याम्पियन बनाएकी हुन् ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार सम्पन्न खेलमा भारतीय क्लबले घरेलु टोली एपीएफलाई ३-० ले पराजित गरेको हो । बंगाललाई जिताउन फजिलाबाहेक सिल्की देवीले १ गोल थपिन् । योसँगै इस्ट बंगाल अपराजित रहँदै उपाधि उठाउन सफल रह्यो । एपीएफ भने फाइनलमा गएर चुक्न पुग्यो । यसअघि लिग चरणमा यी दुई टोलीले गोलरहित बराबरी खेलेका थिए ।

लिग चरणमा दुई खेलमा जित र २ बराबरीसहित एपीएफ शीर्ष दुईमा रहेर फाइनलमा पुगेको थियो । इस्ट बंगालले भने एपीएफबाहेक अन्य टोलीलाई हराउँदै शीर्ष स्थानमा रहेर फाइनलमा स्थान बनाएको थियो । २२औं मिनेटमै फजिलाको गोलमार्फत इस्ट बंगालले सुरुआती अग्रता लियो । सरिता युमनामको लामो क्रसलाई मनमाया दमाईले हेडरमार्फत बचाउने प्रयास गरेकी थिइन् । तर, पेनाल्टी बक्सबाट निकै अगाडि रहेको बल आफ्नै पोस्टतर्फ पुगेको थियो ।

तर, रक्षक गीता राना र गोलकिपर अञ्जनाबीचमा तालमेल नमिल्दा फजिलाले गोल गर्न पुगिन् । उनको फिनिसिङ बल गीताको बुटमा लाग्दै जालीमा पुग्यो ।

३५औं मिनेटमा सट कर्नलमा असलता देवीले मिलाइदिएको क्रसमा सिल्कीले सहजै गोल गरिन् । सिक्स यार्ड बक्सनजिक रहेकी उनले प्रहार गरेको बलमा पेस थिएन । तर, गोलकिपर अञ्जनाको जम्प राम्रो नहुँदा पञ्च गरे पनि बललाई बचाउन सकिनन् ।

दोस्रो हाफको पहिलो मिनेटमै फजिलाले व्यक्तिगत दोस्रो र टोलीका लागि तेस्रो गोल गरिन् । उनले पेनाल्टी बक्सबाहिरबाट गरेको प्रहार गोलकिपर अञ्जनालाई सहजै बचाउने मौका थियो । तर, ड्राइभ गरेर नियन्त्रणमा लिइसकेको बल फुत्काउन पुगिन् । त्यसपछि इस्ट बंगालले खेलमा दबदबा राखे पनि गोल भने गर्न सकेन ।

# राष्ट्रिय क्रिकेटको जर्सी भाटभटेनीमा

**काठमाडौं (प्रस)-** नेपाली राष्ट्रिय क्रिकेट टोलीको जर्सी अब भाटभटेनी सुपरमार्केटका स्टोरहरूमा उपलब्ध हुने भएको छ ।

क्रिकेट समर्थकहरूका लागि लक्षित गर्दै बजारमा ल्याइएको यो जर्सीको सुरुआती मूल्य ११ सय ९९ रूपैयाँ तोकिएको छ ।

नेपालको संघर्षपूर्ण यात्रा र अन्तर्राष्ट्रिय क्रिकेटमा स्थापित पहिचानलाई प्रतिबिम्बित गर्ने उद्देश्यसहित यो जर्सी डिजाइन गरिएको हो । जर्सीमा रातो, निलो र सेतो रंगको संयोजन गरिएको छ ।

जर्सीका काँधमा चन्द्र र सूर्य अंकित छन् । यसले खेलाडीहरूले बोकेको राष्ट्रको गौरव र जिम्मेवारीलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्छ । जर्सीको बीच भागमा रहेको 'नेपाल' शब्दले देशभरका क्रिकेटप्रेमीको भावना र उत्साह झल्काउने छ ।

टी-१० ब्रान्डको अत्याधुनिक 'एक्टिविक टेक्नोलोजी' प्रयोग गरी तयार गरिएको यो जर्सी खेलाडी तथा समर्थक दुवैका लागि सहज, टिकाउ र आकर्षक रहेको जनाइएको




छ । कम्पनीका अनुसार यो जर्सी लगाउने पहिरन मात्र नभई नेपाली क्रिकेटप्रतिको गर्व र आत्मीयताको अनुभूति पनि हो ।

नेपाली राष्ट्रिय क्रिकेट टोलीप्रतिको बढ्दो लोकप्रियतासँगै जर्सीको माग उच्च रहने अपेक्षा गरिएको छ ।

सतिसाले गोल्डकप

# आयोजक सतिसाले सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**पथरी –** आयोजक सतिसाले स्पोर्टिङ क्लब दोस्रो सतिसाले गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । शुक्रबार भएको खेलमा सतिसालेले विराटनगर सिटी फुटबल क्लबलाई टाइब्रेकरमा ३-१ ले पराजित गरेको हो । निर्धारित समयको खेल बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा घकेलिएको थियो ।

टाइब्रेकरमा विराटनगरका समीर चौधरी र एकराज बुडाथोकीको प्रहार पोस्टमा लागेर फर्किएको थियो । निशकुमार श्रेष्ठको प्रहार सतिसालेका गोलकिपर विपुल मगरले बचाए । विराटनगरका तर्फबाट सुशन तामाङले मात्र गोल गरे । सतिसालेका सुमन मगर, प्रवेश बस्नेत र निङमा घिसिङले गोल गरे । विकास परियार र अमन लामाको प्रहार विराटनगरका गोलकिपर योगेश धिमालले रोकेका थिए ।



खेलको 'प्लेअर अफ दी म्याच' आयोजक सतिसालेका गोलकिपर विपुल मगर घोषित भए । शनिबार पथरी ११ र चुलाचुली दमक फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्ने छन् ।




इजिप्टको कायरोमा रहेको एउटा पसलमा क्रिसमसका लागि सजावट सामग्रीहरू छनोट गर्दै ग्राहक । *तस्बिरः सिन्हवा*

# भारतमा रेल दुर्घटनामा परी सात वटा हात्तीको मृत्यु

**नयाँदिल्ली–** भारतको उत्तरपूर्वमा एउटा यात्रुवाहक रेल हात्तीको झुण्डमा ठोक्किएर दुर्घटना हुँदा सात वटा हात्तीको घटनास्थलमै मृत्यु भएको अधिकारीहरूले शनिबार बताएका छन् ।

भारतमा लगभग २२ हजार जंगली हात्तीमध्ये चार हजारभन्दा बढी रहेको असम राज्यमा भएको उक्त दुर्घटनामा कुनै यात्रु घाइते नभएको बताइएको छ । वरिष्ठ असम पुलिस अधिकारी राकेश रेड्डीलाई उद्धृत गर्दै एएफपीले सात वटा हात्तीहरूको घटनास्थलमै मृत्यु भएको र एउटा हात्ती घाइते भएको जनाएको छ ।

मिजोराम राज्यबाट नयाँ दिल्लीतर्फ गइरहेको उक्त रेलको पाँचवटा डिब्बा दुर्घटना हुँदा लिगबाट खसेको बताइएको छ । अधिकारीहरूले तोकिएको हात्ती कोरिडोर हरूमा गति नियन्त्रण प्रणाली लागू गरेको भए पनि पछिल्लो दुर्घटना यी क्षेत्रहरू बाहिर भएको भारतीय रेलवेका प्रवक्ता कपिञ्जाल किशोर शर्माले बताए ।




रेल चालकले हात्तीको झुण्ड देखेर आपत्कालीन ब्रेक लगाएता पनि हात्तीहरू रेलमा आएर ठोक्किँदा दुर्घटना भएको उनले बताएका छन् । वन विनाश र तिनीहरूको बासस्थान नजिकको निर्माण गतिविधिले हात्तीहरूलाई खानाका लागि टाढा-टाढा जान बाध्य पारी मानिसहरूसँगको द्वन्द्वमा आएको जनाइएको छ । संसदीय तथ्यांकअनुसार सन् २०२३-२४ मा भारतमा हात्तीको आक्रमणबाट ६२९ जनाको मृत्यु भएको थियो । *रासस/एएफपी*

# पाकिस्तानका पूर्वप्रधानमन्त्री खान र उनकी पत्नीलाई १७ वर्षको जेल सजाय





**रावलपिण्डी (पाकिस्तान)–** संघीय अनुसन्धान एजेन्सी (एफआइए) को विशेष अदालतले शनिबार पाकिस्तानका पूर्वप्रधानमन्त्री तथा पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआई) का संस्थापक इमरान खान र उनकी पत्नी बुशरा बिबीलाई १७ वर्षको जेल सजाय सुनाएको छ ।

अदालतको आदेशको प्रतिलिपिबाट उद्धृत गर्दै डनले रिपोर्ट गरेअनुसार दुवैलाई १६.४ मिलियन रूपैयाँ जरिवाना गरिएको छ, कानुनअनुसार जरिवाना तिर्न असफल भएमा थप जेल सजाय हुने छ ।

रावलपिण्डीको अडियाला जेलमा भएको सुनुवाइका क्रममा विशेष न्यायाधीश सेन्ट्रल शाहरूख अर्जुमन्दले फैसला सुनाएको बताइएको छ । इमरानलाई पाकिस्तान दण्डसंहिताको धारा ३४ (साझा इरादा) र ४०९ (आपराधिक विश्वासघात) अन्तर्गत १० वर्षको सश्रम कारावास र भ्रष्टाचार रोकथाम ऐनको धारा ५ (२) (सरकारी कर्मचारीहरूद्वारा आपराधिक दुर्व्यवहार) अन्तर्गत सात वर्षको सश्रम कारावासको सजाय सुनाइएको छ ।

उनकी श्रीमती बुशरालाई पनि सोही प्रावधानअन्तर्गत कूल १७ वर्षको जेल सजाय सुनाइएको उल्लेख गरिएको छ । यस वर्षको अक्टोबरमा इमरान र बुशराले सबै आरोपहरू अस्वीकार गरी यो पाकिस्तानी प्रधानमन्त्रीलाई राजनीतिबाट अयोग्य ठहर गर्ने मनगढन्त र राजनीतिक प्रतिशोध भएको बताएका थिए ।

डनका अनुसार, पिटिआई संस्थापकले नीतिअनुसार उचित प्रक्रियाको पालना गरेको र प्रधानमन्त्री कार्यालय प्रोटोकल खण्डमा रिपोर्ट गरिएको, मूल्यांकन गरिएको र भुक्तानी राष्ट्रिय कोषमा जम्मा भएपछि कानुनीरूपमा राखिएको बताएका छन् । *रासस/एएनआई*

# जापान र एसियाली राष्ट्रबीच आर्थिक सहकार्य विस्तार

**टोकियो–** जापानले मध्य एसियामा आगामी पाँच वर्षभित्र १९ अर्ब डलर बराबरका व्यापार परियोजनाहरू सञ्चालन गर्ने लक्ष्य सार्वजनिक गरेको छ । यो पहल जापानले यस क्षेत्रमा आफ्नो सकारात्मक उपस्थिति र सहयोग विस्तार गर्ने प्रयासको रूपमा लिएको हो ।

प्रधानमन्त्री सानाए ताकाइचीले टोकियोमा पाँच मध्य एसियाली राष्ट्रका नेताहरूसँग पहिलो शिखर सम्मेलन आयोजना गरे । बैठकपछि जारी संयुक्त वक्तव्यअनुसार जापानले मध्य एसियामा पाँच वर्षभित्र कूल तीन करोड येन बराबरका व्यापार परियोजनाको लक्ष्य तय गरेको छ । जापानले दुर्लभ धातु आपूर्ति विविधीकरण गर्न र चीनमा निर्भरता कम गर्न यस क्षेत्रमा लगानी गर्न इच्छुक छ ।

वक्तव्यमा उल्लेख छ, 'प्राकृतिक स्रोत र ऊर्जा स्रोतले धनीमध्ये एसियाले अन्तर्राष्ट्रिय बजारसँग पहुँच विस्तार गर्नु महत्त्वपूर्ण छ ।'

नेताहरूले महत्त्वपूर्ण धातु आपूर्ति शृंखला सुदृढीकरणका लागि सहयोग बढाउने, आर्थिक विकास प्रवर्द्धन गर्ने र वातावरणीय लक्ष्यहरू प्राप्त गर्ने प्रतिबद्धता व्यक्त गरे ।

साथै, उनीहरूले रूस, चीन र युरोपेली संघका शीर्ष नेतासँग यस वर्ष अलग-अलग शिखर सम्मेलन पनि गरेका छन् । विशेषज्ञहरूले यस शिखर सम्मेलनलाई जापानको क्षेत्रीय उपस्थिति बलियो बनाउन महत्त्वपूर्ण कदमको रूपमा मूल्यांकन गरेका छन् । मध्य एसियाका राष्ट्रहरू प्राकृतिक स्रोतमा धनी भए पनि आर्थिक अवस्थाका कारण यी स्रोतहरूको उपयोग चुनौतीपूर्ण रहिरहेकाले सहकार्य र समन्वय आवश्यक छ । *रासस/एएफपी*

# सुडानमा शान्ति सैनिकमाथि भएको आक्रमणको कडा निन्दा



**संयुक्त राष्ट्र–** संयुक्त राष्ट्र सुरक्षा परिषद्ले सुडानमा संयुक्त राष्ट्रको रसद केन्द्रमाथि गरिएको विष्फोटक आक्रमणको कडा शब्दमा निन्दा गरेको छ । उक्त आक्रमणमा बंगलादेशका छ जना शान्ति सैनिकको मृत्यु भएको थियो भने नौ जना घाइते भएका थिए ।

शुक्रबार जारी गरिएको वक्तव्यमा सुरक्षा परिषद्का सदस्यहरूले दिवंगत शान्ति सैनिकका परिवारप्रति तथा बंगलादेश सरकार र जनताप्रति गहिरो समवेदना व्यक्त गरेका छन् । साथै, घाइते सैनिकहरूको शीघ्र र पूर्ण स्वास्थ्यलाभको कामना गरिएको छ ।

गत शनिबार सुडानको दक्षिण कोर्डोफान प्रदेशअन्तर्गत काडुग्ली क्षेत्रमा उक्त आक्रमण भएको हो । परिषद्का सदस्यहरूले संयुक्त राष्ट्रको रसद केन्द्र र अबिएई क्षेत्रमा तैनाथ शान्ति सैनिकमाथि गरिएको योजनाबद्ध आक्रमणलाई अन्तर राष्ट्रिय कानुनको गम्भीर उल्लंघन भएको बताएका छन् । परिषद्को ठहरअनुसार यसले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा गम्भीर खतरा उत्पन्न गरेको छ ।

सुरक्षा परिषद्ले शान्ति सैनिकलाई लक्षित गरी गरिएका सबै प्रकारका आक्रमण तथा उक्साहटको कडा भर्त्सना गर्दै दोषीलाई ढिलाइ नगरी कारबाही गर्न माग गरेको छ । परिषद्का सदस्यहरूले शान्ति सैनिकमाथि गरिने आक्रमण अन्तर्राष्ट्रिय कानुनअनुसार युद्ध अपराध मानिन सक्ने स्पष्ट पारेका छन् । साथै, घटनाको शीघ्र अनुसन्धान गर्न र सैनिक योगदान गर्ने देशलाई अनुसन्धानको प्रगतिबारे जानकारी गराउन संयुक्त राष्ट्रलाई आग्रह गरिएको छ ।

त्यसैगरी, परिषद्ले सुडान र दक्षिण सुडानका सम्बन्धित निकायलाई संयुक्त राष्ट्रका भवन, कर्मचारी तथा शान्ति सैनिकको सुरक्षा सुनिश्चित गर्न आवश्यक सबै उपाय अपनाउन आग्रह गरेको छ । विवादित अबिएई क्षेत्रमा शान्ति, सुरक्षा र स्थायित्व कायम गर्न सुडान र दक्षिण सुडानबीच थप सहकार्य आवश्यक रहेकोमा परिषद्ले जोड दिएको छ । *रासस/सिन्हवा*

# गाजा क्षेत्रमा १६ लाख मानिस गम्भीर खाद्यसंकटको जोखिममा



**गाजा–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले गाजा क्षेत्रमा करिब १६ लाख मानिस गम्भीर खाद्य अभाव र कुपोषणको उच्च जोखिममा रहेको चेतावनी दिएका छन् । उनले शुक्रबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै भने, 'हालको परिस्थितिमा अकाल केही हदसम्म टालिएको छ र धेरै मानिसहरूले जीवित रहन आवश्यक खाना प्राप्त गर्न सक्षम भएका छन् ।' संयुक्त राष्ट्रसंघ र उसका साझेदार संस्थाहरूले दैनिकरूपमा लाखौं मानिसलाई तातो भोजन उपलब्ध गराइरहेका छन् र सम्पूर्ण गाजामा खाद्य सहायता वितरण गरिरहेका छन् ।

महासचिव गुटेरेसले भने, 'स्वच्छ पानी थप समुदायसम्म पुग्न थालेको छ, केही स्वास्थ्य सेवा केन्द्रहरू पुनः सञ्चालनमा आएका छन् ।' उनले यस सुधारको श्रेय मानवीय कामदार, सदस्य राष्ट्र र नागरिक-सैन्य समन्वय केन्द्रबीचको सहकार्यलाई दिए । तर उनले सावधानीका साथ यी उपलब्धिहरू अझै नाजुक छन् र जोखिमपूर्ण अवस्थामा रहेको उल्लेख गरे ।

गुटेरेसका अनुसार अक्टोबरदेखि संयुक्त राष्ट्रसंघले सेवा निरन्तर सञ्चालनमा राख्ने प्रयास गरिरहेको छ, तर आवश्यकताहरूको वृद्धि सहयोगको क्षमताभन्दा छिटो भइरहेको छ । महासचिवले दीर्घकालीन युद्धविराम आवश्यक भएको र थप प्रवेश नाका खोल्ने, अत्यावश्यक सामग्रीमाथि लगाइएको प्रतिबन्ध हटाउने, प्रशासनिक झण्झट कम गर्ने, गाजाभित्र सुरक्षित आवागमन सुनिश्चित गर्ने, दिगो वित्तीय सहयोग सुनिश्चित गर्ने र अवरोधरहित मानवीय पहुँच प्रदान गर्ने आवश्यकता औंल्याए ।

त्यसैगरी, उनले पश्चिमी किनारामा पनि अवस्था संवेदनशील रहेको र त्यहाँ प्यालेस्टिनीहरूले बढ्दो हिंसा, जमिन कब्जा, घर भत्काइ र कडा आवागमन प्रतिबन्धको सामना गरिरहेको बताए । उनले कब्जामा रहेका प्यालेस्टिनी भूभाग, पूर्वी यरूशलेमसहित, अन्तर्राष्ट्रिय कानुन, मानवीय कानुन र मानवअधिकार कानुनको पूर्णपालना हुनुपर्नेमा जोड दिए ।

महासचिव गुटेरेसले अन्तर्राष्ट्रिय न्यायालयको सन् २०२५ अक्टोबर २२ को सल्लाहात्मक मतको स्मरण गर्दै भने, 'इजरायलले मानवीय सहायता सहजरूपमा प्रवेश गराउने, संयुक्त राष्ट्रसँग सहकार्य गर्ने र सशस्त्र द्वन्द्वको अवस्थामासमेत संयुक्त राष्ट्र र उसका कर्मचारीको अधिकार र सुरक्षा सम्मान गर्नुपर्छ । यी दायित्वहरू बाध्यकारी छन् र तुरुन्त कार्यान्वयन हुनुपर्छ । यो संकट मानवीय निर्णयबाट उत्पन्न भएको हो र राजनीतिक इच्छाशक्ति भएमा यसको समाधान सम्भव छ ।' *रासस/सिन्हवा*

# मानवीय र आर्थिक पुनर्निर्माणमा श्रीलंकालाई आइएमएफको सहायता

**कोलम्बो–** अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को कार्यकारी बोर्डले शुक्रबार श्रीलंकाका लागि दुई करोड छ लाख अमेरिकी डलरको आपत्कालीन वित्तीय सहायता स्वीकृत गरेको छ । आइएमएफका अनुसार यो सहयोग 'रैपिड फाइनान्सिङ इन्स्ट्रुमेन्ट' अन्तर्गत प्रदान गरिएको हो र यो श्रीलंकाको कोटा रकमको करिब २६ प्रतिशत बराबर छ ।

आइएमएफका उपप्रबन्धक र कार्यवाहक अध्यक्ष केन्जी ओकामुराले भने, 'यसले श्रीलंकामा तत्कालै मानवीय र पुनर्निर्माण आवश्यकताहरू व्यवस्थापन गर्न मद्दत गर्ने छ, जसले राजकोषीय दबाब र भुक्तानी सन्तुलनसम्बन्धी चुनौतीहरू कम गर्ने अपेक्षा गरिएको छ ।'

ओकामुराले आपत्कालको समयमा छिटो प्रतिक्रिया देखाएको श्रीलंकाली सरकारको प्रशंसा गर्दै भने, 'आइएमएफ यस कठिन परिस्थितिमा श्रीलंकाली जनतासँग खडा छ र भविष्यमा पनि देशको पुनर्निर्माण र आर्थिक सुधार प्रयासमा समर्थन जारी राख्ने छ ।' *रासस/सिन्हवा*


**बागमती प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**

**रामेछाप अस्पताल**

**रामेछाप, नेपाल**

**आधिकारिक प्रतिनिधि (बिक्रेता) सूचिकृत हुने सम्बन्धी सूचना**

**सूचना नं–०५–२०८२/८३**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०६**

यस रामेछाप अस्पताल, रामेछापमा तपशिल बमोजिमका मेशिनहरूमा प्रयोगमा आउने रिएजेन्ट (केमिकल) तथा डाईग्नोष्टिक किटहरूको आ.व. २०८२/०८३ को लागि खुल्ला प्रतिस्पर्धाबाट खरिद गर्नका लागि उत्पादन कम्पनीको आधिकारिक बिक्रेता वा आपूर्तिकर्ताहरूले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा ४१ को १ (ग)(घ) र सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहितको नियम ८५(६) बमोजिम सूचिकृत हुन ईच्छुक कम्पनी/फर्म तथा सप्लायर्सहरूले मु.अ. कर दर्ता, आ.व. २०८१/०८२ को कर चुक्ता, व्यवसाय नविकरण प्रमाणपत्र र सम्बन्धित कम्पनीको आधिकारिक बिक्रेता वा एजेन्ट भएको पत्रको प्रमाणित प्रतिलिपि सहित उक्त मेशिनहरूमा प्रयोग हुने रिएजेन्ट (केमिकल) तथा डाईग्नोष्टिक किटहरूको दररेट (Unit Rate, Expiry Date 18 Month/75% Remaining & Delivery Duration from Manufacture) समेत उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र कार्यालय समयमा यस अस्पतालमा दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| S.N | Description | Model No. | Manufacturer | Remarks |
|---|---|---|---|---|
| 01 | Ichroma II | H900 | Biotech Med Inc. | |
| 02 | Coagulation Analyzer | ECL105 | Erba Mannheim | |

नि.मे.सु.

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २५८४०० | प्रति तोला - ० | प्रति तोला - ४००५ |




**पर्यटन व्यवसायीलाई चिनियाँ भाषा**

नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वार्षिकोत्सवका सन्दर्भमा नेपाल पर्यटन बोर्ड र यहाँस्थित चिनियाँ राजदूतावासको सहयोगमा ४७ पर्यटन व्यवसायीलाई ६ महिने चिनियाँ भाषा प्रशिक्षण दिइएको छ। *तस्बिर : रासस*

# 'समयमा काम नगर्नेको ठेक्का सम्झौता रद्द गरिन्छ'

**■ प्रभाव संवाददाता**

**चितवन–** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले विकास निर्माणका कामलाई प्राथमिकता नदिने निर्माण व्यवसायीको ठेक्का सम्झौता रद्ध गर्नेतर्फ सरकार लागेको बताएका छन्।

उद्योग वाणिज्य संघद्वारा आयोजित अन्तर्क्रिया कार्यक्रममा उनले तीन हजार बढी सडक तथा पुलमा ठेक्का लागेको बताए। उनले भने, 'तीन हजारभन्दा बढी सडक र पुलको ठेक्का छ, कुनै ठाउँमा त ठेकेदार कहाँ छ भन्ने पनि छैन, काम गर्नुपर्छ नभए ठेक्का तोड्छौं भन्ने अवस्थामा हामी छौं।' जनताले दुःख पाएको बताउँदै उनले जनताको आवश्यकताअनुसार सरकारले काम गर्ने बताए। विकास निर्माणसँगै नीतिनिर्माणमा परिवर्तन गर्न यो सरकारले खोजेको बताउँदै उनले देशलाई संस्थागत रूपमा निकास दिन जरुरी रहेको बताए।

उनले यहाँका सप्तगण्डकी नदीमा पानी भण्डारण गरी जलाशय निर्माण गरेर विद्युत् उत्पादनसँगै विभिन्न पर्यटकीयस्थलको विकास गरिने बताए। पोखरा, भरतपुर र लुम्बिनी क्षेत्रलाई इलेक्ट्रिसिटी ग्रिन करिडोरका रूपमा विकास गर्ने काम अघि बढिरहेको उनले जानकारी दिए। शक्तिखोर औद्योगिक क्षेत्रमा विद्युत् आपूर्तिलाई सहज बनाइने उल्लेख गर्दै उनले यहाँ औद्योगिक क्षेत्र स्थापना हुनुमा आफू पनि सकारात्मक रहेको बताए।

आगामी निर्वाचनपछि आउने नयाँ सरकारले नयाँ अनुहार र नयाँ सोच ल्याउनुपर्ने उल्लेख गर्दै उनले देशलाई समृद्धिको बाटोमा हिँडाउनसक्ने शक्ति आउनु आवश्यक रहेको बताए। जनताले देशलाई ठोस परिणाम दिनसक्ने नयाँ शक्ति सचेत रूपमा छान्नुपर्नेमा उनले जोड दिए। उक्त अवसरमा उद्योग वाणिज्य संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले जिल्लाका समग्र व्यवसायीको समस्याका बारेमा जानकारी गराएका थिए।

> ▶▶ चितवन, तनहुँ र नवलपरासीको सिमाना भएर बग्ने नारायणी नदीमा सप्तगण्डकी बहुउद्देश्यीय जलविद्युत् आयोजनाको सम्भाव्यता अध्ययन जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)को सहायतामा सन् १९८५ मा गरिएको थियो।

### सप्तगण्डकी बहुउद्देश्यीय आयोजना अगाडि बढाउनुपर्ने

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले नारायणी नदीबाट तल्लो तटीय क्षेत्रमा हुने कटान, चितवन, नवलपरासी क्षेत्रको समग्र विकासका लागि २२५ मेगावाटको सप्तगण्डकी बहुउद्देश्यीय जलाशययुक्त जलविद्युत् आयोजना निर्माणको काम अघि बढाउनुपर्ने बताएका छन्।

मन्त्री घिसिङले धार्मिक रूपमा महत्वपूर्ण मानिने देवघाट क्षेत्रलाई नडुबाउने गरी सप्तगण्डकी जलविद्युत् आयोजना बनाएर त्यसभन्दा माथिल्लो तटीय क्षेत्रमा बन्ने बूढीगण्डकी, तनहुँजस्ता जलाशययुक्त आयोजनाबाट लाभ लिनुपर्ने बताए।

'नदीबाट हुने कटान तथा डुबान दीर्घकालीन रूपमा नियन्त्रणका लागि माथिल्लो तटीय क्षेत्रमा जलाशययुक्त आयोजना निर्माण गरी एकीकृत नदी बेसिन व्यवस्थापन योजना अगाडि बढाउनुपर्छ, नारायणी नदीका सहायक नदीहरू सेती, बूढीगण्डकी कालीगण्डकीमा बन्ने जलाशययुक्त आयोजनामा वर्षायामको पानी जम्मा गर्ने र हिउँदमा नियन्त्रित पानी पाउने हुँदा बाढी नियन्त्रण गर्ने, कृषि, जलयातायातमार्फत लाभ लिन सकिन्छ', मन्त्री घिसिङले भनेको उनको निजी सचिवालयले जनाएको छ।

चितवन, तनहुँ र नवलपरासीको सिमाना भएर बग्ने नारायणी नदीमा सप्तगण्डकी बहुउद्देश्यीय जलविद्युत् आयोजनाको सम्भाव्यता अध्ययन जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)को सहायतामा सन् १९८५ मा गरिएको थियो। आयोजनाको बाँध त्रिशूली र कालीगण्डकीको संगमस्थल देवघाटभन्दा करिब एक किलोमिटर तल बन्नेछ। अध्ययनबाट देवघाट डुब्ने देखिएको थियो। बाँधको उचाइ घटाएर धाममा पुग्ने क्षतिलाई न्यूनीकरण गरी आयोजना अगाडि बढाउन सकिने घिसिङले उल्लेख गरे। देवघाटमा जलाशय बनाएर विद्युत् उत्पादन र पानीबाट चितवन र नवलपरासीमा सयौं हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउन सकिनेछ।

# शक्तिखोर औद्योगिक क्षेत्र सार्वजनिक निजी साझेदारीमा निर्माण हुने

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** सार्वजनिक निजी साझेदारीमार्फत चितवनको शक्तिखोर औद्योगिक क्षेत्र निर्माण एवम् सञ्चालन हुने भएको छ। यसैगरी हेटौंडाको मयूरधाप र रूपन्देहीको मोतीपूर औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन गरिनेछ। नेपाल उद्योग परिसंघ र नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडबीच ती औद्योगिक क्षेत्र निर्माण एवं सञ्चालन गर्ने विषयमा शुक्रबार समझदारी भएको हो।

सरकारले घोषणा गरेको औद्योगिक क्षेत्र सार्वजनिक निजी साझेदारी अवधारणामा निर्माण तथा सञ्चालन गर्ने गरी समझदारी पत्रमा हस्ताक्षर भएको छ। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक पदम ओलीको उपस्थितीमा परिसंघको तर्फबाट महानिर्देशक डा घनश्याम ओझा र बैंकको तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत सूर्यबहादुर तामाङले हस्ताक्षर गरेको परिसंघले जनाएको छ।

सरकारले सार्वजनिक निजी साझेदारी अवधारणामा औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन गर्न दिने घोषणा गरेअनुसार सीएनआईले औद्योगिक क्षेत्र निर्माणका लागि निफ्रासँग समझदारी गरेको हो।

यो समझदारीसँगै सार्वजनिक निजी साझेदारी अवधारणामा निजी क्षेत्रलाई औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन गर्न दिन सरकारलाई संयुक्त रूपमा प्रस्तावसँगै आग्रह गरिनेछ।

उक्त अवसरमा सीएनआईका अध्यक्ष वीरेन्द्रराज पाण्डेले औद्योगिक क्षेत्र निर्माण एवं सञ्चालनका लागि निफ्रासँग समझदारी गरी सुरुवातीको काम गर्न लागिएको बताए। बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीले औद्योगिक क्षेत्र निर्माण सम्बन्धमा सीएनआइसँग भएको यो समझदारीलाई निफ्राले प्रस्थान विन्दुको रूपमा लिएको बताए। उनले परिसंघसँगको सहकार्यमा सार्वजनिक निजी साझेदारी अवधारणामा अगाडि लैजान सकिने बताए।

# महँगो शुल्कले सुस्तायो 'पुतली जहाज'को उडान

**पोखरा–** शिरानमा चाँदी जस्तै टल्किरहेका माछापुच्छ्रे र अन्नपूर्ण हिमशृंखला। तल फेवा, बेगनास, रूपा, मैदीदेखि दिपागं र गुँदे, खास्टे, न्यरेनीसम्मका तालले शृंगारिएको पोखरा। यो सुन्दरतालाई आकाशबाट हेर्न चाहनेका लागि लोकप्रिय 'अल्ट्रालाइट उडान' अहिले सुस्ताएको छ। अल्ट्रालाइटको उडानमार्फत हावाको बेगसँग रमाउने पर्यटकको अहिले अभाव हुन थालेको छ।




दुई जना मात्र बस्न मिल्ने, हेर्दा सानो र आकाशमा उड्दा रंगीचंगी पुतली जस्तै देखिने भएकाले यसलाई स्थानीयहरू पुतली जहाज पनि भन्छन्। कुनै समय पर्यटकीय नगरी पोखरामा साहसिक पर्यटकलाई अल्ट्रालाइट अर्थात 'पुतली जहाज' ले लोभ्याइरहेको थियो। खुला आकाशमा हावाको वेगसँगै कावा खाँदै ३६० डिग्रीमा प्रकृतिको मनोरम दृश्यवलोकन गर्न पाइने यो साहसिक गतिविधिमा रुची राख्नेहरूको रोजाइमा पर्ने यो जहाजमा अहिले पर्यटकको कमी हुन थालेको छ।

शुल्क महँगो भएकाले आन्तरिक तथा बाह्य पर्यटकहरू यो गतिविधिबाट टाढिन थालेको एभिया क्लबकी प्रबन्ध निर्देशक नतासा श्रेष्ठको बुझाइ छ। 'पहिले धेरै राम्रो थियो तर अहिले शुल्क महँगो भयो, नागरिक उड्यन प्राधिकरणले 'टेक अफ' र 'ल्याण्डिङ' को शुल्क बढाएपछि उडान शुल्क महँगो हुन गऱ्यो, यसले व्यवसायमा ठूलो मार परेको छ।'

केही वर्षअघिसम्म रु आठ हजार पाँच सयमा पर्यटकले आकाशमा उडेर आनन्द लिन पाउँथे भने अहिले यो शुल्क बढेर रु १७ हजार ५०० पुगेको छ। शुल्क दोब्बर हुँदा अल्ट्रालाइट गर्ने पर्यटक संख्या घटेको उनको भनाइ छ।

'एड्भेन्चरको माता' को उपनाम पाएकी श्रेष्ठ नेपालमा साहसिक हवाई पर्यटनको परिकल्पनाकार मानिन्छिन्। 'एभिया क्लब नेपाल' ले विसं २०५३ मा प्रबन्ध निर्देशक नताशा श्रेष्ठ र उनका रुसी साझेदारहरूले यसलाई नेपाल भित्र्याएका थिए।

पोखराको भूगोल अल्ट्रालाइटका अनुकूल मानिन्छ। पोखरामा अल्ट्रालाइट दक्षिण एसियामै पहिलो पटक सञ्चालनमा आएको हो। श्रेष्ठले नेपालमा यसको सम्भावना राम्रो रहेको उल्लेख गर्दै यसमार्फत विश्व बजारमा नेपाल चिनाउन र पर्यटन भित्र्याउन सकिने धारणा राखिन्।

दक्ष जनशक्ति र राज्यको पर्यटनमैत्री नीतिको अभावले निजी क्षेत्रका व्यवसाय धरासायी हुँदै जानु र नयाँ लगानीमा सम्भावना कम हुँदै जाँदा पर्यटन क्षेत्रलाई असर गरेको उनको भनाइ छ। 'सुरुमा पोखरामा यस्तो साहसिक खेल भित्र्याउँदा धेरैलाई अनौठो लागेको थियो, तर आज यो पोखराको पहिचान बनेको छ', श्रेष्ठ भनिन्, 'हामीले पोखराको पर्यटनलाई केवल ताल र गुफामा सीमित नराखी आकाशको उचाइसम्म पुऱ्याउन सफल भएका छौं यसको प्रवर्द्धन विस्तार जरुरी छ।'

उनका अनुसार सुरुवाती दिनहरूमा अल्ट्रालाइट उडाउन पूर्णरूपमा रुसी पाइलटहरूमा भर पर्नुपर्ने अवस्था थियो। एभिया क्लबले नै अनुभवी रुसी पाइलट ल्याएर यसको उडान सुरु गरेको हो। तर, अहिले नेपाली युवा पाइलटले नै उडान गर्न थालेका छन्।

हाल पोखरा एभिया क्लब र पोखरा अल्ट्रालाइट प्रालिले मात्र यो सेवा प्रदान गरेको पोखरा अल्ट्रालाइटका प्रबन्ध निर्देशक पोमनारायण श्रेष्ठले जानकारी दिए। उनका अनुसार कुनै समय दिनको ४० उडान गर्दै आएका कम्पनिले अहिले दिनको चार वटा उडानमा सीमित हुनुपर्ने अवस्था आएको छ।

पर्यटकलाई आकर्षित गर्ने गतिविधिमा राज्यले पर्यटनमैत्री नीति बनाएर सहजको वातावरण गराउन सके नीति क्षेत्रलाई राहत मिल्ने र पर्यटन प्रवर्द्धन हुने उनको भनाइ छ। कुनै समय साहासिक गतिविधिमा रुची राख्ने पर्यटकले रुचाएको अल्ट्रालाइट अहिले पर्यटकको अभाव र चर्को शुल्कले सुस्ताउनु दुर्भाग्य भएको उनको बुझाइ छ। केही वर्षअघि विदेशी साथिसँगै अल्ट्रालाइटको उडान भरेका पोखराका रामबजारका विकास गुरुङले अहिले शुल्क बढी भएको गुनासो गरे। 'अहिले शुल्क महँगो भयो, शुल्क घटाउने हो भने आन्तरिक पर्यटक आकर्षित गर्न सकिन्छ', उनले भने।

उनले साहसिक खेलमा प्याराग्लाइडिङ अल्टालाइट आआफ्नै विशेषता रहेको सुनाए। गुरुङले भने, 'विदेशी पर्यटकहरू त झन् पोखराको यो उडानलाई विश्वकै उत्कृष्टमध्ये एक मान्छन्, धेरै देशमा उडान भरेका मेरा एक जर्मनी साथिले पोखराको आकाश उडेपछि यहाँको सुन्दरताको निकै तारिफ गरेका थिए।' *रासस*

राहुघाट जलविद्युत् आयोजना

# ९० प्रतिशत बढी भौतिक प्रगति

**म्याग्दी–** नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावर प्रवर्द्धक रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको ९० प्रतिशत भौतिक प्रगति भएको छ।

सुरुङ, बाँध र विद्युत्गृहको भौतिक संरचना निर्माण, उपकरण जडान अन्तिम चरणमा पुगेको आयोजना विद्युत्लाई केन्द्रीय ग्रिडमा जोड्ने स्वीचयार्ड निर्माणमा जुटेको छ। रघुगंगा हाड्रोपावरका आयोजना व्यवस्थापक राज विष्टले अबको तीन महिना (मार्च)मा परिक्षण उत्पादन सुरु गर्ने लक्ष्यसहित निर्माण भएका संरचनालाई पूर्णताः दिन लागिएको जानकारी दिए।

'सिभिल, हाइड्रो र इलेक्ट्रोमेकानिकलका कामलाई बिट मार्दै लगिएको छ', उनले भने, '२० मेगावाटको टर्वाइन जडान गरेर ड्राई टेस्टिङ गर्न तयार पारेका छौं। मार्च महिनाभित्र परीक्षण उत्पादन सुरु गर्ने लक्ष्यसहित ठेकेदार परिचालन भएको छ।' भारतीय सिभिल ठेकेदार कम्पनी जयप्रकाश एसोसियट्स (जेपी)ले ४५ महिनामा सम्पन्न गर्ने लक्ष्य सहित २०१७ नोभेम्बर १७ (२०७४ मङ्सिर ६ गते) रु छ अर्बमा ठेक्का सम्झौता गरेको थियो। सन २०२२ फेब्रुअरीमा पहिलो, सन् २०२२ फेब्रुअरीमा दोस्रो र २०२५ नोभेम्बरसम्मका लागि तेस्रो पटक म्याद थपिएको थियो। चौथो पटक मार्च महिनासम्मका लागि म्याद थप भएको छ।

> ▶▶ नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावर प्रवर्द्धक रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको ९० प्रतिशत भौतिक प्रगति भएको छ।

रघुगंगा गाउँपालिका-४ दग्नाम र वडा नं ५ झिँ को फेदीमा बाँध, छ किलोमिटर २७० मिटर लामो मुख्य सुरुङ र तिल्केनीचौरमा विद्युत्गृह निर्माणको काम ९० प्रतिशतभन्दा बढी सकिएको छ।

कोरोना महामारी, बाढी, पहिरोजस्ता प्राकृतिक विपद् र नदीजन्य निर्माण सामग्रीको अभावका कारण आयोजना निर्माणमा ढिलाइ भएको ठेकेदार कम्पनी जेपीका आयोजना व्यवस्थापक हरिश अग्रवालले बताए। भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)सँग विसं २०७६ कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२.३५ अमेरिकी डलरमा भएको इलेक्ट्रोमेकानीकल ठेक्का सम्झौताको म्याद यही डिसेम्बर ३१ मा सकिदैछ। भेलले अधिकांश उपकरण आयात सकेर जडानको काम गरिरहेको छ।

भारतीय आयात निर्यात (एक्जीम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्रयाक्ट (इपिसी) प्रारूपमा राहुघाट जलबिद्युत आयोजना सञ्चालन गरिएको हो।

कमजोर आर्थिक अवस्थाका कारण २०७२ मा पुरानो ठेकेदार आइभिआरसिएल सँगको ठेक्का तोडेर नयाँ प्रक्रियाबाट निर्माण अघि बढाइएको थियो। पछिल्लो पटक छनोट भएको सिभिल ठेकेदार जयप्रकाश एसोसियट्स (जेपी)ले २०७५ असारमा पहुँचमार्ग र २०७६ असारमा सुरुङ खन्न सुरु गरेको थियो। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ